
# रोहिणी गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन अन्तिम प्रतिवेदन




# रोहिणी गाउँपालिका
# धकधई, रूपन्देही,
# लुम्बिनी प्रदेश, नेपाल
# २०८२

# साराँस

## १. परिचय

विपद् जोखिम नक्साङ्कनले विकास योजना निर्माण, पूर्वाधार विस्तार, औद्योगिक क्षेत्र, कृषि तथा आवास क्षेत्र, प्राकृतिक स्रोतको व्यवस्थापन तथा विपद् जोखिम मूल्याङ्कनका लागि सहता हुनेछ । अध्ययन क्षेत्रको भू-आकृति, जमिनको ढलान, भू-उपयोग, संरचना, जलस्रोत र बस्ती वितरणका आधारमा तयार गरिने नक्साहरूले योजना निर्माणमा वैज्ञानिक आधार प्रदान गर्दछ । प्रतिवेदनको सारांशमा नक्साङ्कनको उद्देश्य, विधि, नतिजा तथा उपयोगका मुख्य पक्षहरू समेटिएको छ ।

## २. उद्देश्य

विपद् जोखिम नक्साङ्कनको प्रमुख उद्देश्य अध्ययन क्षेत्रको वास्तविक भौगोलिक तथा भूस्वरूप विवरण सङ्कलन गरी योजना निर्माणमा उपयोग गर्नु हो । यसमा भूमि उपयोग, सीमाना, सडक, भवन, नदी, कुलो, जङ्गल, कृषि क्षेत्र, जोखिम क्षेत्र आदि सबै विषयको नक्सा तयार गरी स्थानीय तह तथा सरोकारवाला निकायलाई निर्णयका लागि तथ्यगत आधार उपलब्ध गराउनु मुख्य लक्ष्य रहेको छ । **अन्य उद्देश्यहरू :**

- अध्ययन क्षेत्रको विस्तृत भू-स्वरूप नक्साङ्कन तयार गर्नु ।
- जमीनको उचाइ, ढलान, जमिनको प्रकार तथा उपयोगको स्थिति पहिचान गर्नु ।
- संरचना, सडक, नदी, कुलो, सीमा, जङ्गल तथा कृषि क्षेत्रको अवस्थाको नक्सामा चित्रण गर्नु ।
- भविष्यमै निर्माण, योजना तथा विपद् जोखिम न्यूनीकरणमा उपयोग हुने डाटाबेस तयार गर्नु ।

## ३. अध्ययन विधि र उपकरण

विपद् जोखिम नक्साङ्कन सम्बनधी कार्यहरू आधुनिक सर्वे प्रविधिहरू प्रयोग गरी सम्पन्न गरिएको छ । स्थलगतरूपमा प्रारम्भिक अवलोकन गरी जिआइएस मार्फत नक्साङ्कन तयार गरिएको छ । विस्तृत नाप-जाँचका लागि जीपीएस र जीआइएसमा आधारित प्रविधि प्रयोग गरिएको छ । अन्य विधिहरू समेत प्रयोग गरिएको छ । रोहिणी क्षेत्रको प्रारम्भिक अवलोकन, भू-उपयोगको अवस्था : कृषि क्षेत्र, बस्ती क्षेत्र, वन क्षेत्र, जलस्रोत तथा नदी किनार क्षेत्र आदि । संरचनागतरूपमा समेत अध्ययन गरिएको छ :, सडकहरूको स्थिति अद्यावधिक, विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन सटीक रूपमा नक्सामा, सिँचाइ कुलो तथा बाँधको अवस्थाको नक्साङ्कन, जोखिम क्षेत्र, बाढी जोखिम क्षेत्रः नदी किनार तथा तटबन्ध नजिक, भूस्खलन जोखिम क्षेत्रः ढलान बढी भएको भू-भाग, अग्नि जोखिम क्षेत्रः घना बसोबास क्षेत्र

## ४. मुख्य नतिजाहरू

### ४.१ भू-आकृति

अध्ययन क्षेत्र भू-आकृतिक रूपमा विविध देखिन्छ । केही भाग समथर छन् भने केही भाग हल्का देखि मध्यम ढलानयुक्त छन् । उचाइमा देखिने भिन्नताले बस्ती वितरण, कृषि उत्पादन र जोखिम अवस्थाको पहिचानमा सहयोग गरेको छ ।

### ४.२ भूमि उपयोग

नक्साबाट कृषि क्षेत्र, बसोबास क्षेत्र, जङ्गल, खाली भू-भाग, नदी किनार तथा सामुदायिक क्षेत्रहरू स्पष्ट पहिचान गरिएको छ । कृषि क्षेत्र उच्च प्रतिशतमा रहेको देखिए पनि बस्ती विस्तारका कारण केही खेतीयोग्य जमीनको उपयोग परिवर्तन हुँदै गएको तथ्य उजागर भएको छ ।

### ४.३ भौतिक संरचना

सडक सञ्जाल, विद्यालय, स्वास्थ्य चौकी, सरकारी भवन, धार्मिक स्थल, सिँचाइ कुलो, तटबन्ध आदि संरचनाहरू सटीक रूपमा नक्सामा अङ्कित गरिएको छ । यो विवरणले पूर्वाधार विस्तारका प्राथमिकता निर्धारणमा सहयोग पुर्‍याउँनेछ ।

### ४.४ जोखिम क्षेत्र पहिचान

- नक्साले बाढी, भूस्खलन, डुबान तथा आगलागी सम्भावित क्षेत्रमा स्पष्ट वर्गीकरण गरेको छः
- नदीकिनार तथा तटबन्ध पक्ष कमजोर ठाउँहरू बाढी/डुबान उच्च जोखिममा
- ढलान बढी भएका भू-भागहरू भूस्खलन सम्भावित
- घनाबस्ती तथा टहराका क्षेत्रहरू आगलागी जोखिममा
- सुख्खा क्षेत्रमा खडेरी समस्याको सम्भावना देखिएको
- यसले दिगो विकास तथा विपद् न्यूनीकरण योजना निर्माणमा ठोस आधार प्रदान गर्दछ ।

## ५. विश्लेषण

नक्साङ्कनबाट प्राप्त परिणामहरू भू-उपयोग योजना निर्माण, सम्भाव्यता अध्ययन, पूर्वाधार विस्तार, पानी निकास तथा वातावरणीय व्यवस्थापनमा अत्यन्त उपयोगी रहेकाछन् । GIS मा आधारित डाटा प्रशोधनले निर्णय-निर्माणकर्तालाई भविष्यका योजना र विकास कार्यक्रममा सटीक र तथ्यगत सूचनाको आधारप्रदान गरेको छ । जीआइएस प्रयोगले उच्च रिजोल्युसनयुक्त तस्बिर र सतह मोडेल प्रदान गरेकाले भू-भाग विश्लेषण तथा जोखिम मूल्याङ्कन अझ वैज्ञानिक बन्न गएको छ । स्थानीय समुदायबाट प्राप्त जानकारीले नक्साको व्यावहारिकता र सान्दर्भिकता बढाएको छ ।

## ६. निष्कर्ष

नक्साङ्कन प्रतिवेदनले अध्ययन क्षेत्रको भौगोलिक, भूस्वरूप, जोखिम तथा संरचनागत अवस्थाको स्पष्ट चित्रण प्रदान गरेको छ । नक्साबाट पहिचान गरिएका जोखिम क्षेत्र, भूमिउपयोग अवस्था र संरचनागत विवरणहरूले दिगो विकास योजना, पूर्वाधार सुधार, विपद् न्यूनीकरण, जग्गा व्यवस्थापन तथा वातावरण संरक्षणका लागि महत्त्वपूर्ण आधार प्रदान गर्दछ । भविष्यमा नक्सालाई नियमित अद्यावधिक गर्दै डिजिटल डाटाबेस निर्माण गर्न सकेमा रोहिणी गाउँपालिकामा तथा प्रदेशस्तरका योजना निर्माण कार्यहरूमा अझ प्रभावकारी, वैज्ञानिक र दिगो बन्नेछ । यस नक्सा र डाटाको प्रयोगले दिगो विकास, व्यवस्थित योजना, पूर्वाधार निर्माण र विपद् न्यूनीकरणमा ठोस आधार उपलब्ध गराउँनेछ ।

**सुझाव तथा सिफारिस**

- GIS डाटालाई नियमित रूपमा अद्यावधिक गरिनु पर्दछ ।
- जोखिम क्षेत्र नजिक संरचना निर्माणमा कडाइ अपनाउने गर्नुपर्दछ ।
- नदी तथा खोलामा तटबन्ध संरक्षणसँगै नक्सामा उल्लेखित जोखिम क्षेत्रका आधारमा पूर्वाधार विकास योजना बनाउनु पर्दछ ।
- भविष्यमा डिजिटल क्याडेस्टर नक्सा प्रयोगको विस्तार गर्नुपर्दछ ।
- विपद् व्यवस्थापन योजना निर्माण ।
- विपद् पूर्व तयारी कार्ययोजना निर्माण ।

# विषयसूची

साराँस i

विषयसूची iv

नक्सासूची vi

तालिकासूची vii

रेखाचित्र viii

परिच्छेद एक पृष्ठभूमि १

१.१ पृष्ठभूमि १

१.२ रोहिणी गाउँपालिको परिचय १

१.३ उद्देश्य २

१.४ विपद् जोखिम नक्साङ्कन प्रतिवेदन तयार पार्ने परामर्श संस्था २

१.५ विपद् जोखिम नक्साङ्कन तयारी सम्बन्धी विधि २

१.६ स्थलगत अवलोकन, लक्षित वर्ग छलफल, नक्सा र फोटोग्राफ, टेवलकार्य ३

१.७ चेकलिष्ट/म्याट्रिक्स, प्रश्नावली निर्माण, तथ्याङ्क सङ्कलन र स्थलगत अध्ययन ३

१.८ प्रमुख सूचनाकर्तासँग अन्तरवार्ता ३

१.९ तथ्याङ्क विश्लेषण/प्रभावको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनीकरण विधिको पहिचान, सुझाव एवम् प्रतिवेदन तयारी ४

१.१० प्राप्त तथ्याङ्कहरूको विश्लेषण ४

१.११ प्रभावको पहिचान, आँकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन ४

१.१२ मस्यौदा प्रतिवेदनको तयारी ४

१.१३ सार्वजनिक परामर्श र छलफल ४

परिच्छेद दुई : संविधान, नीति, कानूनी व्यवस्था ५

परिच्छेद तीन सामाजिक- आर्थिक तथा साँस्कृतिक वातावरण २१

३ सामाजिक- आर्थिक तथा साँस्कृतिक वातावरण २१

३.१ प्रस्ताव क्षेत्रको जनसङ्ख्या तथा बस्तीहरू २१

३.२ उमेर समूह अनुसार जनसङ्ख्याको संरचना २३

३.३ जातिगत विवरण २३

३.४ मातृभाषाको अवस्था २६

३.५ धर्म सम्बन्धी विवरण २७

३.६ शिक्षा एवम् सारक्षता २८

३.७ पेशा तथा आर्थिक क्रियाकलाप ३२

३.८ बसाईसराई सम्बन्धी विवरण ३६

३.९ खानेपानी तथा स्वास्थ्यको स्थिति ३७

३.१० यातायात र पहुँच मार्ग/निकासी मार्ग ४०

३.११ धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थल ४०

३.१२ सामुदायिक वन उपभोक्ता समूह ४०

३.१३ खेत तथा सिँचाइ सुविधा ४१
३.१४ सूचना तथा सञ्चार ४१
३.१५ बिद्युत् तथा उर्जा ४५
३.१६ परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत ४६
३.१७ पारिवारिक विवरण र घरको स्वामित्व ४७
३.१८ बजार तथा खुद्रा व्यवसाय ४९
परिच्छेद चार प्रमुख जोखिमहरूको प्रभाव ५०
४.१ बाढी तथा डुबान जोखिम ५०
४.१.२ आगलागी जोखिम ५०
४.१.३ हावाहुरी/डढेलो ५०
४.१.४ महामारी/स्वास्थ्य जोखिम ५०
४.१.५ मानव-सृजित जोखिम ५०
४.२. जोखिम-नक्साङ्कन वडा-विभाजन ५०
४.२.१ संवेदनशील समूह ५१
४.२.२ क्षति सम्भाव्यता ५१
४.२.३ जोखिम न्यूनीकरणका सुझावहरू ५१
४.२.३.१ संरचनागत उपायहरू ५१
४.२.३.२ गैर-संरचनागत उपायहरू ५१
४.२.३.३ प्रकोपपछि तत्काल कार्ययोजना ५१
४.३ सुधारका उपाय/योजना ५१
४.३.१ संरचनागत ५१
४.३.२ गैर-संरचनागत ५२
४.३.३ आकस्मिक तयारी ५२
परिच्छेद पाँच विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्ययोजना ५३
५.१ विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्ययोजना ५३
१. जोखिम पहिचान तथा विश्लेषण ५३
२. पूर्वतयारी तथा क्षमतावृद्धि कार्यक्रम ५३
३. संरचनागत कार्यहरू ५४
४. गैर-संरचनागत शमन कार्यहरू ५४
५. प्रतिक्रिया तथा उद्धार-राहत व्यवस्था ५५
६. पुनर्स्थापना तथा पुनर्निर्माण ५५
७. अनुगमन, मूल्याङ्कन र अद्यावधिक ५५
परिच्छेद ६ विपद् जोखिम नक्साङ्कन सम्बन्धी नक्साहरू ५८
परिच्छेद ७ निष्कर्ष ८५
सन्दर्भसूची ८७
अनुसूची ८९

# नक्सासूची


| | | | | |
|---|---|---|---|---|
| नक्सा नं. | १ | : | रोहिणी गाउँपालिका नेपालको भौगोलिक नक्सा | ६० |
| नक्सा नं. | २ | : | प्रशासनिक नक्सा | ६१ |
| नक्सा नं. | ३ | : | भू-उपयोग नक्सा | ६२ |
| नक्सा नं. | ४ | : | वडा विभाजन नक्सा | ६३ |
| नक्सा नं. | ५ | : | उचाँइ नक्सा | ६४ |
| नक्सा नं. | ६ | : | औद्योगिक क्षेत्र नक्सा | ६५ |
| नक्सा नं. | ७ | : | भिरालोपन नक्सा | ६६ |
| नक्सा नं. | ८ | : | अन्तराष्ट्रिय सीमा नक्सा | ६७ |
| नक्सा नं. | ९ | : | भौर्गभिक नक्सा | ६८ |
| नक्सा नं. | १० | : | भूकम्पीय नक्सा | ६९ |
| नक्सा नं. | ११ | : | प्रमुख सेवाकेन्द्र नक्सा | ७० |
| नक्सा नं. | १२ | : | विद्यालय वितरण नक्सा | ७१ |
| नक्सा नं. | १३ | : | प्रशासनिक केन्द्र नक्सा | ७२ |
| नक्सा नं. | १४ | : | स्वास्थ्य सेवाकेन्द्र नक्सा | ७३ |
| नक्सा नं. | १५ | : | धार्मिक तथा साँस्कृतिक स्थानको नक्सा | ७४ |
| नक्सा नं. | १६ | : | बहु जोखिम नक्सा | ७५ |
| नक्सा नं. | १७ | : | बाढी र डुवान जोखिम नक्सा | ७६ |
| नक्सा नं. | १८ | : | सडक दूर्घटना जोखिम नक्सा | ७७ |
| नक्सा नं. | १९ | : | आगलागि जोखिम नक्सा | ७८ |
| नक्सा नं. | २० | : | गुगल नक्सा | ७९ |
| नक्सा नं. | २१ | : | बस्ति वितरण नक्सा | ८० |
| नक्सा नं. | २२ | : | कृषि जमिनको वितरण नक्सा | ८१ |
| नक्सा नं. | २३ | : | वन वितरण नक्सा | ८२ |
| नक्सा नं. | २४ | : | घरको संरचना नक्सा | ८३ |
| नक्सा नं. | २५ | : | जनघनत्व नक्सा | ८४ |
| नक्सा नं. | २६ | : | खोला र तालतलैया नक्सा | ८५ |
| नक्सा नं. | २७ | : | सडक सञ्जाल नक्सा | ८६ |

# तालिकासूची


| | | | |
|---|---|---|---|
| तालिका नं. | : १ | विभिन्न कानूनी दस्तावेजहरू | ५ |
| तालिका नं. | : २ | परिवार सङ्ख्या, जनसङ्ख्या तथा लैङ्गिक अनुपात र वडा अनुसारका बस्तीहरू | २४ |
| तालिका नं. | : ३ | गाउँपालिकामा जातजाति अनुसारको जनसङ्ख्या | २६ |
| तालिका नं. | : ४ | गाउँपालिकामा बोलिने मातृभाषा अनुसारको जनसङ्ख्या | २८ |
| तालिका नं. | : ५ | गाउँपालिकामा धर्म अनुसारको जनसङ्ख्या | २९ |
| तालिका नं. | : ६ | साक्षरता दर सम्बन्धी विवरण | ३१ |
| तालिका नं. | : ७ | साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तह | ३२ |
| तालिका नं. | : ८ | आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य पेशा अनुसारको विवरण | ३४ |
| तालिका नं. | : ९ | आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्या वितरण | ३६ |
| तालिका नं. | : १० | परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोवास गर्ने सङ्ख्या) | ३७ |
| तालिका नं. | : ११ | गाउँपालिकाको जन्मस्थानको आधारमा जनसङ्ख्या | ३८ |
| तालिका नं. | : १२ | खानेपानीको मुख्य स्रोत अनुसार परिवार सङ्ख्या | ४० |
| तालिका नं. | : १३ | घरायसी साधन/सुविधा अनुसारको परिवार सङ्ख्या | ४५ |
| तालिका नं. | : १४ | परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार सङ्ख्या | ४८ |
| तालिका नं. | : १५ | बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार सङ्ख्या | ४८ |
| तालिका नं. | : १६ | घरको स्वामित्व अनुसार परिवार सङ्ख्या | ५० |
| तालिका नं. | : १७ | जोखिम-नक्साङ्कन वडा-विभाजन अनुसार जोखिम स्तर | ५२ |
| तालिका नं. | : १८ | विपद् जोखिम न्यूनीकरण कार्ययोजना तालिका | ५८ |

# रेखाचित्र


| | | | |
|---|---|---|---|
| रेखाचित्र नं. | १ | वडा अनुसार २०६८ र २०७८ को जनसङ्ख्या | २३ |
| रेखाचित्र नं. | २ | गाउँपालिकाको जनसङ्ख्या पिरामिड | २५ |
| रेखाचित्र नं. | ३ | गाउँपालिकामा रहेको प्रमुख १० जातजातिको प्रतिशत | २८ |
| रेखाचित्र नं. | ४ | गाउँपालिकामा बोलिने प्रमुख मातृभाषाको प्रतिशत | २९ |
| रेखाचित्र नं. | ५ | गाउँपालिकामा धर्म अनुसारको प्रतिशत | ३० |
| रेखाचित्र नं. | ६ | गाउँपालिका र वडा अनुसार साक्षरता दर | ३० |
| रेखाचित्र नं. | ७ | गाउँपालिकाका साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तह प्रतिशतमा | ३३ |
| रेखाचित्र नं. | ८ | आर्थिक रूपले सक्रिय जनसङ्ख्या मुख्य पेशा अनुसारको विवरण प्रतिशतमा | ३५ |
| रेखाचित्र नं. | ९ | आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्या वितरण प्रतिशतमा | ३६ |
| रेखाचित्र नं. | १० | राष्ट्रिय जनगणना २०७८ अनुसार परिवारमा अनुपस्थित पुरूष र महिलाको प्रतिशत | ३७ |
| रेखाचित्र नं. | ११ | गाउँपालिकाको जन्मस्थानको आधारमा जनसङ्ख्या प्रतिशतमा | ३९ |
| रेखाचित्र नं. | १२ | गाउँपालिकामा खानेपानीको मुख्य स्रोत अनुसार परिवार प्रतिशतमा | ४१ |
| रेखाचित्र नं. | १३ | वडा अनुसार कुनै पनि साधारण सुविधा उपलब्ध नभएको परिवार प्रतिशतमा | ४३ |
| रेखाचित्र नं. | १४ | वडा अनुसार साधारण मोबाइल फोन हुने र स्मार्ट मोबाइल फोन हुने परिवारका प्रतिशत | ४४ |
| रेखाचित्र नं. | १५ | वडा अनुसार इन्टरनेटको सुविधा प्रयोग गर्ने परिवार प्रतिशतमा | ४४ |
| रेखाचित्र नं. | १६ | गाउँपालिकामा परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार सङ्ख्या प्रतिशतमा | ४७ |
| रेखाचित्र नं. | १७ | गाउँपालिकामा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार प्रतिशतमा | ४९ |
| रेखाचित्र नं. | १८ | गाउँपालिकामा घरको स्वामित्व अनुसारको परिवार | ५१ |

# परिच्छेद एक पृष्ठभूमि

## १.१ पृष्ठभूमि

रोहिणी गाउँपालिका विभिन्न प्रकारका प्राकृतिक तथा मानव निर्मित विपद्हरू (बाढी, डुबान, भूकम्प, आगलागी, महामारी र वातावरणीय प्रदूषण आदि) का कारण प्रभावित हुँदै आएको छ । गाउँपालिकाको दीगो विकास, पूर्वाधार निर्माण तथा जनताको सुरक्षा सुनिश्चित गर्न विपद् जोखिम नक्साङ्कन आवश्यक छ । विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित नक्साङ्कन तयार गरिएको छ । विपद् अन्तर्गत प्राकृतिक र गैरप्राकृतिक विपद् पर्दछन् जसमा **प्राकृतिक विपद् अन्तर्गत** हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, बाढी, पहिरो तथा भूस्खलन् डुबान, खडेरी, आँधी, हुरीबतास, शीतलहर, तातोहावाको लहर, चट्याङ् भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्वाट उत्पन्न जुनसुकै विपद् समेत पर्दछन् । त्यस्तै **गैरप्राकृतिक विपद् अन्तर्गत** महामारी, अनिकाल, डढेलो, सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने पःलू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई सडक, जल वा औद्योगिक दूर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणयी प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दूर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् पर्दछन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति रहन्छ । प्रदेशमा दफा १४ बमोजिम प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति रहेको छ । त्यस्तै दफा १७ बमोजिम स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति रहेको छ । स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिका प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति रहने गर्दछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार विपद् जोखिम नक्साङ्कन तयार गरिएको छ । रोहिणी गाउँपालिकामा विपद् निम्त्याउने मुख्य प्रकोपहरू यस प्रकार छन् । सडक दुर्घटना, महामारी, भूकम्प, बाढी, खडेरी आदि रहेका पर्दछन् ।

## १.२ रोहिणी गाउँपालिको परिचय

रोहिणी गाउँपालिका रूपन्देही जिल्लाको पूर्वी दक्षिण भागमा अवस्थित छ । साबिकका ६ गाउँ बिकास समितिहरू (धकधई, बगाहा, पजरकट्टी, पोखरभिण्डी, छिपागढ र बोदबार) लाई मिलाएर बनाईएको छ । गाउँपालिका पूर्वीपश्चिम हुलाकि सडक अन्तर्गत भैरहवा धकधई खण्डको उत्तरदक्षिण, ८३.५४९७४२ पूर्वी देशान्तर र २७.५१२१३० उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समून्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ । कुल क्षेत्रफल ६४.६२ बर्ग किलोमिटर रहेको गाउँपालिको पूर्वमा नवलपरासी जिल्लाको सीमाना पश्चिममा सिद्धार्थनगर नगरपालिका उत्तरमा ओमसतिया गाउँपालिका र दक्षिणमा छिमेकि राष्ट्र भारत अवस्थित छन् । उत्तरबाट बग्ने रोहिणी नदीसँग प्राकृतिक, भौगोलिक, साँस्कृतिक, मनोरमताले गाउँपालिका सिँगारिएको छ । ७५२६ घरपरिवार बसोबास गर्ने यस गाउँपालिको कुल जनसङ्ख्या ४३,३२७ रहेको छ ।

## १.३ उद्देश्य

स्थानीय विपद् जोखिम नक्साङ्कन योजनाको मुख्य उद्धेश्य गाउँपालिकामा प्रमुख प्रकोपहरूबाट निम्तिने विपद्जन्य अवस्थामा हुने क्षतिको न्यूनीकरण तथा व्यवस्थापन गर्नु हो । योजनाका विशिष्ट उद्धेश्यहरू देहाय बमोजिम रहेका छन् । गाउँपालिकामा भएका विद्यमान प्रकोपहरू तथा त्यसबाट हुने विपद्जन्य अवस्था र क्षतिको पहिचान गरी तिनको न्यूनीकरण गर्न समाधानका उपायहरू पहिचान गर्नु ।

- विपद्बाट हुने क्षति दिगो रूपमा न्यूनीकरण गर्न स्थानीय स्तरमा पहिचान भएका विपद् पूर्व, विपद्को समयमा र बिपद् पश्चात् विभिन्न क्रियाकलापहरूको विश्लेषण गरी योजना निर्माण गरी सञ्चालन गर्नु ।
- विपद् जोखिम न्यूनीकरणमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी तथा अन्य सरोकारवालाहरूको भूमिका पहिचान गरी समन्वयात्मक ढङ्गले एकीकृतरूपमा कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्नु ।
- बिकासका बिभिन्न क्रियाकलापहरूमा बिपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलनलाई समावेश गर्न मार्गनिर्देशन गर्नु ।
- गाउँपालिकाभित्र सम्भावित विपद् जोखिम क्षेत्र पहिचान गर्नु ।
- जोखिम नक्साङ्कन मार्फत जोखिमको स्तर (उच्च, मध्यम, न्यून) वर्गीकरण गर्नु ।
- स्थानीय स्रोत, जनसङ्ख्या, पूर्वाधार, प्राकृतिक स्रोतहरूमा विपद्को सम्भावित असर विश्लेषण गर्नु ।

## १.४ विपद् जोखिम नक्साङ्कन प्रतिवेदन तयार पार्ने परामर्श संस्था

परामर्श संस्था : लुम्बिनी सामाजिक विकास केन्द्र

ठेगाना : सन्धिखर्क नगरपालिका ०१ नं. वडा, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

फोन: ०७७ -४२०६५७, ४२०३२०

मो.नं. : ९८५७०६१४४१/९८५७०६३६३३

इमेल : lumbinisdc@gmail.com/indramanipaudel@gmail.com

## १.५ विपद् जोखिम नक्साङ्कन तयारी सम्बन्धी विधि

रोहिणी गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन योजनाको निर्माण प्रकृयालाई प्रभावकारी एवम् समन्वयत्मक बनाउने उद्देश्यले नक्साङ्कन तयार गरिएको छ । स्थलगत अध्ययनबाट तयार गरेको विपद् जोखिम नक्साङ्कन योजना बढी वास्तविकतामा आधारित र कार्यान्वयनमा प्रभावकारी हुने तथ्यलाई मनन गरी यस गाउँपालिकाको आयोजनामा विभिन्न चरणहरूमा समुदाय तथा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतामा नक्साङ्कन निर्माण गरिएको छ । अवलम्वन गरिएका चरणहरू निम्न बमोजिम रहेका छन् :

- रोहिणी गाउँपालिकाका सबै ७ वडाहरूमा स्थलगत अध्ययन
- जोखिम पहिचान
- बाढी तथा डुबान सम्भावना भएका क्षेत्र

- भूकम्पप्रति संवेदनशील संरचना
- आगलागी सम्भावना भएका बजार क्षेत्र
- महामारी फैलिन सक्ने स्थान
- सडक/पूर्वाधार जोखिम
- नक्साङ्कन प्रविधि प्रयोग गरी नक्सा तयार गर्ने ।
- आवश्यक डेटा सङ्कलन
- प्राथमिक सर्वेक्षण
- द्वितीय तथ्याङ्क आदि ।
- प्रारम्भिक बैठक
- जोखिम पहिचान चेकलिस्ट प्रयोग
- वडास्तरीय कार्यशाला वा समूह छलफल
- GPS / GIS प्रयोग गरी भू-स्थानीय तथ्याङ्क सङ्कलन, डेटा विश्लेषण र नक्सा उत्पादन

## १.६ स्थलगत अवलोकन, लक्षित वर्ग छलफल, नक्सा र फोटोग्राफ, टेवलकार्य

१. प्रकाशित उपलब्ध जानकारी, तथ्याङ्कहरूको पूनरावलोकन तथा संश्लेषण,
२. प्रस्तावित क्षेत्रको भौगोलिक सीमना, क्षेत्र निर्धारण र प्रभाव क्षेत्रको पहिचान,
३. नक्सा विश्लेषण र प्रभावित क्षेत्रको सीमाङ्कन र
४. प्रभाव अनुसार छुट्टाछुट्टै चेकलिष्ट तयारी ।

## १.७ चेकलिष्ट/म्याट्रिक्स, प्रश्नावली निर्माण, तथ्याङ्क सङ्कलन र स्थलगत अध्ययन

रोहिणी गाउँपालिका क्षेत्रको स्थलगत अध्ययन गरिएको छ । त्यसैगरी प्राथमिक र द्धितिय तथ्याङ्क सङ्कलन तथा नमूना सङ्कलन गरिएको छ । स्थलगत अध्ययनको क्रममा सामाजिक, आर्थिक, भौतिक, जैविक, रासायनिक तथा साँस्कृतिक वातावरणसँग सम्बन्धित तथ्याङ्कहरू सङ्कलन । भौतिक वातावरणसँग सम्बन्धित चेकलिष्ट जस्तै : भू-उपयोग, माटो, भू-स्खलन, बाढी, भौतिक पूर्वाधार, चट्टान र जमिनको प्रकार आदि ।

१. जैविक वातावरण जस्तै : जीवजन्तु तथा वनस्पतिसँग सम्बन्धित चेकलिष्ट,
२. सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्न सक्ने प्रभावको पहिचान सम्बन्धित चेकलिष्ट,
३. भौतिक पूर्वाधार, औद्योगिक क्षेत्र, क्रसर  तथा बालुवा प्रशोधन उद्योग सम्बन्धी चेकलिष्ट,
४. वातावरणीय प्रभाव-न्यूनीकरण र वातावरणमा सकारात्मक बढोत्तरी सम्बन्धी चेकलिष्ट,
५. धार्मिक-साँस्कृतिक वातावरणमा पर्ने प्रभाव सम्बन्धी चेकलिस्ट

## १.८ प्रमुख सूचनाकर्तासँग अन्तरवार्ता

स्थानीय युवाक्लवका प्रतिनिधि, स्थानीय शिक्षक र स्थानीय जानकार व्यक्तिहरूसगँ छुट्टाछुट्टै अन्तरवार्ता लिइएको छ । नदीको विगत अवस्था, नदीजन्य पदार्थ सङ्कलन, अभ्यास, अब गर्नुपर्ने

कार्य, ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन तथा निकासी गर्ने प्रक्रियाको बारेमा छलफल केन्द्रीत रहेको थियो ।

## १.९ तथ्याङ्क विश्लेषण/प्रभावको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनीकरण विधिको पहिचान, सुझाव एवम् प्रतिवेदन तयारी

स्थलगत अध्ययन, अवस्थिति अवलोकन, छलफल, अन्तरक्रिया तथा अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरूलाई तालिका र नक्साको माध्यमबाट विश्लेषण गरिएको छ। विगतमा गरिएका अध्ययन प्रतिवेदन र त्यसमा उल्लेखीत तथ्याङ्कलाई समेत आवश्यकता अनुसार प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## १.१० प्राप्त तथ्याङ्कहरूको विश्लेषण

स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरूको अध्ययन, सन्दर्भ ग्रन्थ तथा सामग्रीहरूको पुनरावलोकनबाट प्राप्त जानकारीहरूलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने सम्भाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरिएको छ ।

## १.११ प्रभावको पहिचान, आँकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन

प्रस्ताव कार्यान्वयन क्षेत्रको सन्दर्भ सामग्री तथा स्थलगत अध्ययनबाट प्राप्त जानकारीलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने सम्भाव्य अनुकूल र प्रतिकूल असरहरूको पहिचान गरिएको छ । त्यसको भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक गरी ४ शीर्षक अन्तर्गत अन्तर्गत अध्ययन गरिएको छ ।

## १.१२ मस्यौदा प्रतिवेदनको तयारी

साहित्य पुनरावलोकन, सरोकारवाला निकायसँग गरिएका छलफल, प्राप्त रायसुझाव र स्थलगत अध्ययनबाट प्राप्त विषयवस्तुलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.१३ सार्वजनिक परामर्श र छलफल

स्थलगत अध्ययनका क्रममा प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपरका स्थानीय बासिन्दाहरूसँग प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्नसक्ने प्रभावका बारेमा सोधपुछ गरिएको छ ।

# परिच्छेद दुई : संविधान, नीति, कानूनी व्यवस्था

विभिन्न कानूनी दस्तावेजहरू (संविधान, नीति, ऐन, नियामावली, निर्देशीका, कार्यविधि, दिग्दर्शन, मापदण्ड, गुरूयोजना, रणनीति, आवधिक योजना, नीति तथा कार्यक्रम र बजेट बक्तव्य आदिलाई **तालिका नं. १ मा प्रस्तुत गरिएको छ।**

**तालिका नं. १ :** विभिन्न कानूनी दस्तावेजहरू

| **क्र.सं.** | **कानूनी दस्तावेजहरू** | **प्रस्ताव कार्यान्वयन गर्दा आकर्षित हुने दफा, उपदफा, नियम, उपनियम, खण्ड र बुँदा** |
|---|---|---|
| १. | **संविधान २०७२** | नेपालको संविधान २०७२ को भाग ४ को धारा ५१ मा राज्यका नीतिहरू (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत (९) मा प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पूनर्स्थापना गर्ने कुरा उल्लेख छ । त्यस्तै अनुसूची ७ को संघ र प्रदेशको साझा अधिकारको सूची अन्तर्गत क्र.सं. १७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभको व्यवस्था गरेको छ । अनुसूची ८ को स्थानीय तहको अधिकारको सूची अन्तर्गत क्र.सं. २० मा विपद् व्यवस्थापनको व्यवस्था गरेको छ । अनुसूची ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत क्रसं. ९ मा विपद् व्यवस्थापनको व्यवस्था गरेको छ । |
| **२. नीति** | | |
| १. | **विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५** | प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवम् सामाजिक पूर्वाधार, साँस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा कम गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ।<br>विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्ने प्रणालीको विकास गरिनेछ । सङ्कट उन्मुख समुदायको पहिचान गरी त्यस्ता समुदायको क्षमता अभिवृद्धि गरिनेछ।<br>सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी विपद् आँकलन र नक्साङ्कनको आधारमा विपद् क्षेत्र निर्धारण गरिनेछ र यससम्बन्धी सूचनालाई सार्वजनिक रूपमा उपलब्ध गराई दुर्घटना न्यूनीकरणमा मद्दत गरिनेछ। |

| | | |
|---|---|---|
| | | शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, उर्जा, आवास, यातायात, खानेपानी, सरसफाई लगायतका पूर्वाधार र ऐतिहासिक तथा साँस्कृतिक सम्पदामा पर्नसक्ने विपद् जोखिमका प्रभाव सम्बन्धमा विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गरी प्रचारप्रसार गरिनेछ । |
| २. | **राष्ट्रिय वातावरण नीति, २०७६** | बुँदा ६ र ८१ मा प्रदूषण नियन्त्रण, फोहोरमैला व्यस्थापन र हरियाली प्रवर्द्धन, वातावरणीय प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण सम्बन्धी नीति रहेको छ । |
| ३. | **राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६** | बुँदा ८७ जलवायु परिवर्तन अनुकूलनमा क्षमता बढाउने, वातावरणीय प्रणालीको लचिलोपना विकास गर्ने, कम कार्बन आर्थिक विकासको अवधारणा अपनाएर हरित अर्थव्यवस्थाको प्रवर्द्धन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्त परिचालन गर्ने, सूचना सेवालाई प्रभावकारी बनाउने र जलवायु परिवर्तनलाई सान्दर्भिक नीति, रणनीतिमा परिवर्तन गर्ने उद्देश्य रहेको छ । |
| ४. | **भू-उपयोग नीति, २०७२** | उपलब्ध भूमि र भूमिश्रोतको समुचित उपयोग गरी दिगो रूपमा सामाजिक, आर्थिक तथा वातावरणीय विकास र समृद्धि हासिल गर्नु यस नीतिको दीर्घकालीन दृष्टिकोण रहेको छ । यस नीतिको उद्देश्यमा राष्ट्रको समग्र भूमिलाई विभिन्न भू-उपयोगका क्षेत्रहरूमा वर्गीकरण गर्ने, तहगत भू-उपयोगका क्षेत्रहरूमा वर्गीकरण गर्ने, तहगत भू-उपयोग योजना तर्जुमा गर्ने, कृषि भूमिको संरक्षण, स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, बस्ती विकास र दिगो योजनाबद्ध शहरीकरण, वन क्षेत्र, प्राकृतिक सम्पदा, जैविक विविधता एवम्, ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्त्विक महत्त्वका क्षेत्रको संरक्षणका लागि भू-उपयोग योजनाबद्ध शहरीकरण, वन क्षेत्र, प्राकृतिक सम्पदा, जैविक विविधता एवम्, ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक महत्वका क्षेत्रको संरक्षणका लागि भू-उपयोग योजनाको आधारमा भूमि तथा भूमिश्रोतको उपयोग सुनिश्चित गर्नु आदि रहेको छ । |
| ५. | **राष्ट्रिय शहरी नीति, २०६४** | यस नीतिको उद्देश्य स्वच्छ, सुरक्षित र समृद्ध शहरी वातावरणको सृजनाद्वारा शहरी वासिन्दाहरूको जीवनस्तरमा सुधार ल्याउने रहेको छ । यस उद्देश्यलाई प्रभावकारी बनाउन प्राकृतिक स्रोत तथा परम्परागत भौतिक संरचनाको संरक्षण र सोको दिगो प्रयोगद्वारा सन्तुलित नगर तथा टोल विकास गर्ने, संभावित |

| | | |
|---|---|---|
| | | प्राकृतिक प्रकोपबाट हुने जीउ धनको नोक्सानीलाई कम गर्न स्थानीय निकायहरूले प्राकृतिक प्रकोप व्यवस्थापन योजना बनाई लागू गर्ने पद्धति स्थापना गर्नुपर्ने जस्ता रणनीति अपनाइएको छ । |
| ६. | **राष्ट्रिय स्वास्थ्य नीति, २०७६** | स्वास्थ्य क्षेत्रलाई संघिय संरचना अनुसारको स्वास्थ्य प्रणाली मार्फत संविधान प्रदत्त नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कुरामा जोड् दिएको छ । |
| **३. ऐन** | | |
| १. | **राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** | ऐनको दफा २० बमोजिम आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने, तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा कार्यकारी समिति, विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा प्राधिकरणलाई आवश्यक सहयोग गर्ने व्यवस्था यस ऐनले गरेको छ । |
| २. | **दैवि प्रकोप उद्धार ऐन, २०३९** | ऐनको दफा ९क.स्थानीय समितिको काम र कर्तव्य स्थानीय समितिको काम र कर्तव्य : स्थानीय समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछ :- (क) दैवी प्रकोपबाट भएको क्षतिको विस्तृत विवरण तयार गरी दैवी प्रकोपबाट पीडित व्यक्तिलाई उद्धार तथा पुनर्स्थापनाको लागि चाहिने आवश्यक स्रोत तथा साधनको समेत अनुमान गरी जिल्ला समितिमा पेश गर्ने, (ख) आवश्यकता अनुसार स्वयंसेवकहरूको टोली गठन गरी उद्धार कार्य सञ्चालन गर्ने गराउने, (ग) दैवी प्रकोपबाट घाइते हुन पुगेका व्यक्तिहरूलाई सकभर छिटो नजीकको स्वास्थ्य चौकी वा अस्पताल पुऱ्याउन आवश्यक व्यवस्था मिलाउने, (घ) दैवी प्रकोपबाट पीडित व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न लगाउने व्यवस्था गर्ने, (ङ) जिल्ला समिति तथा अन्य स्थानीय स्रोतबाट प्राप्त भएको नगद तथा बस्तुगत सहयोग दैवी प्रकोपबाट पीडित परिवारहरूलाई व्यवस्थित तरीकाले वितरण गर्ने, (च) दैवी प्रकोपको संभावित घटनाहरूको रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा पूर्व तयारीको लागि जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने, (छ) दैवी प्रकोप उद्धार कार्य |

| | | |
|---|---|---|
| | | समाप्त भएपछि बाँकी रहन आएको मालसामान र नगद तथा तत्सम्बन्धी हिसाब किताब दैवी प्रकोप उद्धार कार्यको जिल्ला समितिमा बुझाउने । |
| ३. | **लागु औषद नियन्त्रण ऐन, २०३३** | ऐनको परिच्छेद- परिच्छेद-२ निषेध र नियन्त्रण ४. निषेध गरिएका कार्यहरु : कुनै पनि व्यक्तिले देहायका कार्यहरु गर्न हुँदैन :- (क) गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरीद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसार पसार गर्न, संचय गर्न वा सेवन गर्न, (ख) अफीम वा कोकाको खेती गर्न वा अफीम वा कोकाको पात वा अन्य लागू औषधीको उत्पादन गर्न, (ग) लागू औषधको निर्माण वा तैयारी गर्न, (घ) लागू औषधको बिक्री वितरण गर्न, (ङ) लागू औषधको निकासी वा पैठारी गर्न, र (च) लागू औषध खरीद गर्ने, संचय गर्ने, राख्ने वा ओसार पसार गर्ने, र  (छ) गाँजा बाहेक अन्य लागू औषध सेवन गर्ने, तर- (१) नेपाल राज्यको पश्चिमी पहाडी भेगमा प्राकृतिक रुपमा आफै उम्रने जङ्गली गाँजाको बोटबाट तोकिएको समयसम्मको लागि चरेस उत्पादन गर्न, त्यस्तो चरेस संग्रह गर्न, राख्ने र खरीद बिक्री गर्ने सम्बन्धमा नेपाल सरकारले नियम बनाई व्यवस्था गर्न सक्नेछ र सो अनुसार अनुमतिपत्र प्राप्त गरी कसैले कुनै काम गर्दा यस दफा अन्तर्गत अपराध गरेको मानिने छैन । (१क) सिङ्गल कन्भेन्शन अन नार्कोटिक ड्रग्स, १९६१ मा परिभाषा गरिए बमोजिमका औषधि मध्ये लागू औषध तयार गर्न प्रयोग गरिने रासायनिक पदार्थ मुख्य औषध नियन्त्रण अधिकारीको अनुमतिले मात्र तोकिएको अनुपातमा आयात-निर्यात, ओसार- पसार, सञ्चय, बिक्री-वितरण र प्रयोग गर्न पाइनेछ । (२) प्रतिबन्धात्मक वाक्यांश (१) बमोजिम दिइने अनुमतिपत्रको तरीका, त्यस्तो अनुमतिपत्रको ढाँचा र शर्त अनुमतिपत्र दिने अधिकारी, त्यसमा लाग्ने दस्तूर, दोस्रो संशोधनद्धारा संशोधित । पहिलो संशोधनद्धारा संशोधित । पहिलो संशोधनद्धारा संशोधित ।  पहिलो संशोधनद्धारा थप । तेस्रो संशोधनद्धारा थप । छ अनुमतिपत्र बमोजिम गरिने काम उपरको अरु नियन्त्रण र व्यवस्था तोकिएबमोजिम हुनेछ । स्पष्टीकरण : यस खण्ड (ख), (ग), (घ), (ङ) र (च) को प्रयोजनका लागि “लागू औषध” भन्नाले गाँजालाई जनाउने छैन । |

| | | |
|---|---|---|
| ४. | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद -३ को गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत दफा ११ को (न) मा विपद् व्यवस्थापन अन्तर्गत : (१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,<br>(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा रद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,<br>(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,<br>(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,<br>(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,<br>(६) विपद व्यवस्थापन कोषको साधनको परिचालन, स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,<br>(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,<br>(८) विपद् पश्चात स्थानीयस्तरको पुर्नस्थापना र पुनर्निर्माण,<br>(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, योजनाको कार्यान्वयन, अनुगमन र अध्ययन,<br>(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,<br>(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,<br>(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य । |
| ५. | **वातावरण संरक्षण ऐन, २०७६** | परिच्छेद ३, प्रदुषण नियन्त्रण अन्तर्गत दफा १५ मा प्रदूषण नियन्त्रण, दफा १६ जोखिमपूर्ण पदार्थको निकासी तथा पैठारी : दफा १७ मा जोखिमपूर्ण पदार्थको व्यवस्थापनमा विपद् व्यवस्थापन सम्बन्धी उल्लेख गरिएको छ । |
| ६. | **वन ऐन, २०७६** | ऐनको परिच्छेद ४ को दफा १५ बमोजिम वन संरक्षण क्षेत्र (१) दफा ११ को अधीनमा रही मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायको |

| | | |
|---|---|---|
| | | राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रलाई सीमाङ्कन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रूपमा घोषणा गर्न सक्नेछ। |
| ७. | **खानी ऐन, २०४२ (संशोधन २०५०)** | ढुङ्गा, मिस्कट र बालुवाको सङ्कलन/उत्खनन् कार्यलाई ऐनको दायरा भित्र राखेको छ। खानी सञ्चालन, कारोबार तथा प्रशासनिक गतिविधिलाई बैधानिक रूपमा समेटेको हुनाले खानी क्षेत्रको एकीकृत वातावरणीय प्रभाव अध्ययन गर्न धेरै उपयोगी हुनेछन्। |
| ८. | **औद्योगिक व्यवसायिक ऐन, २०७६ (सङ्घीय)** | दफा ७ बमोजिम वातावरणीय प्रगतिकूल असरको निराकरण गर्नुपर्ने (१) दफा ५ बमोजिम दर्ता भएको उद्योगले प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नु पर्ने भएमा सो सम्बन्धी प्रतिवेदन स्वीकृत भएपछि मात्र त्यस्तो उद्योग स्थापना, सञ्चालन, व्यवसायिक उत्पादन र कारोबार प्रारम्भ गर्नुपर्नेछ। त्यस्तै उपदफा (२), (३) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरण गर्ने जिम्मावारी सम्बन्धित उद्योगको हुनेछ। त्यस्तै उपदफा (४) र (५) मा समेत वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्ने स्वघोषणा गर्नुपर्नेछ भन्ने कुरा उल्लेख गरेको छ। |
| ९. | **लुम्बिनी प्रदेश वातावरण संरक्षण ऐन, २०७७** | दफा ११ वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकायले सो प्रस्ताव कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।<br>दफा १३ को उपदफा २ कसैले पनि जनजीवन वा वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी प्रदुषण वा फोहोरमैला निष्कासन वा उत्सर्जन गर्ने कार्य गर्ने कार्य गर्नु गराउनु हुँदैन |
| १०. | **भूमि सम्बन्धी ऐन, २०२१** | ऐनको दफा ७ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हद र सोही ऐनको दफा १२ (ग) मा बिक्री वितरण गर्न वा सट्टापट्टा गर्न नहुने व्यवस्था गरेको छ। |
| ११. | **भू-उपयोग ऐन, २०७६** | दफा ४, दफा ८, दफा १०, दफा २५ भू-उपयोग क्षेत्रको वर्गीकरण, भू- उपयोग परिवर्तन गर्न नहुने, जग्गाको |

| | | |
|---|---|---|
| | | खण्डीकरण नियन्त्रण र सजाय सम्बन्धी व्यवस्था गरेको छ । |
| १२. | **जनस्वास्थ्य सेवा ऐन, २०७५** | दफा ३, २२, ४१, ४४ स्वास्थ्य सेवामा पहुँच र निश्चितता सम्बन्धी धेरै व्यवस्थाहरू छन् । जसमा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सहज रूपमा प्राप्त गर्ने हक हुने उल्लेख छ । ऐनको दफा २२ ले कुनै पनि गैरसरकारी वा नीजि स्वास्थ्य संस्थाले उद्योग सञ्चालन गर्न इजाजतपत्र लिन बाध्य पारेको छ । यस कानून बमोजिम नेपाल सरकारले ध्वनी, वायु, पानी र दृश्यता प्रदुषणबाट जनस्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्न संघीय कानून बमोजिम मापदण्ड निर्धारण गर्न सक्नेछ । |
| १३. | **विद्युत् ऐन, २०४९** | ऐनको दफा २४ मा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्ने विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्दा भू-क्षय, बाढी, पहिरो, वायु-प्रदूषण इत्यादीद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ । |
| १४. | **सङ्क्रामक रोग ऐन, २०२०** | दफा २ मा नेपालभर वा त्यसको कुनै भागमा मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक आदेश दिन सक्छ । दफा ३ मा दिइएको आदेशलाई अपहेलना गर्ने व्यक्ति सजाय हुने व्यवस्था रहेको छ । |
| १५. | **फोहोरमैला व्यवस्थापन ऐन, २०६८** | दफा ३, दफा १०, दफा २०, दफा २१, दफा २२ फोहोरमैला व्यवस्थापन तह, फोहोरमैला व्यवस्थापन प्रकृया, प्रदुषण नियन्त्रण सम्बन्धी, फोहोरमैला अनुगमन र वातावरणीय क्षेत्र सम्बन्धी व्यवस्था छ । |
| १६. | **जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६** | परिच्छेद ६ जीवनाशक विषादीको प्रयोग र व्यवस्थापन सम्बन्धमा दफा १८ को जीवनाशक विषादीको प्रयोग : (१) कसैले जीवनाशक विषादीको जथाभावी प्रयोग गर्न तथा त्यस्तो विषादीको अवशेष तोकिएको हदभन्दा बढी मात्रा हुने गरी उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन । |
| १७. | **भवन ऐन, २०५५** | यो ऐन भवन निर्माण कार्यलाई नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको हो । भुकम्प आगलागी तथा अन्य दैवी प्रकोपहरूबाट भवनहरूलाई यथासम्भव सुरक्षित राख्नको लागि भवन निर्माण कार्यलाई नियमित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो ऐन बनाएको हो । |

| | | |
|---|---|---|
| १८. | **जलचर संरक्षण ऐन, २०१७** | जलचर संरक्षण ऐन, २०१७ र संशोधनले आर्द्रभूमि र जलीय जनावरहरूको महत्वको प्रारम्भिक मान्यतालाई दर्शाउँछ । धारा ३ ले कुनै पनि पक्षलाई पानीको स्रोतमा विषाक्त, हानिकारक र विष्फोटक पदार्थहरू ल्याउन वा कुनै पनि जलचरलाई समात्ने वा मार्ने उद्देश्यले विनाश गर्ने कार्यलाई सजाय दिने व्यवस्था गरेको छ । |
| १९. | **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (पहिलो संशोधन २०५०)** | दफा १९ मा माल ढुवानीको विवरण सहितको बील दिनुपर्ने : मालवाहक सार्वजनिक सवारीले कुनैपनि किसिमको माल ढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको माल ढुवानीको बील दिनु पर्छ । त्यसरी दिइने बीलको ढाँचा तोकिए बमोजिम हुनेछ ।<br>दफा १४२ मा  मादक तथा अन्य लागू पदार्थ सेवन गर्न नहुने : सवारी चलाउँदा चालकले मालक वा अन्य कुनै पनि प्रकारको लागू पदार्थ सेवन गर्नु हुँदैन ।<br>दफा १४७ मा लापरबाहीसाथ सवारी चलाउन नहुने : कुनै चालकले सवारी चलाउँदा लापरबाहीसाथ सवारी चलाउन हुँदैन |
| २०. | **राष्ट्रय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९** | ऐनको दफा ५ बमोजिम राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र निषेद्ध कार्यहरू (१) अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र  काम गर्न पाउने छैन । |
| २१. | **भू तथा जलाधार संरक्षण ऐन, २०३९** | ऐनको दफा १० मा प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा निषेधित कार्य गर्न पाउने छैन भन्ने उल्लेख गरेको छ । त्यस्तै (क), (ख) र (ग) साथै दफा ११ मा उद्योग, व्यवसाय तथा बसोबासको बस्तीलाई सार्न सक्ने व्यवस्था गरेको छ । |
| २२. | **दुर्लभ बन्यजन्तुको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०४९** | लागु भएको छ। यस ऐनको दफा १० ले निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा अन्य वन क्षेत्रमा पाईने २६ किसिमका स्तनधारी, ९ किसिमका पंक्षी र ३ किसिमका सरीसर्पलाई संरक्षित वन्यजन्तुको दर्जा दिई उक्त वन्यजन्तुलाई मार्न पक्रन वा लखेट्न वा अन्य किसिमले हानि नोक्सानी पुर्‍याउन निषेध गरेको छ। यस अन्तर्गत लागु गरिएको कानून सम्पूर्ण किसिमका वन क्षेत्र वा नेपाल अधिराज्यभर लागु भएको छ । |
| २३. | **जलस्रोत ऐन, २०४९** | ऐनको दफा १९ मा जलस्रोतलाई प्रदूषित गर्न नहुने साथै दफा २० मा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने |

| | | |
|---|---|---|
| | | व्यवस्था गरेको छ । |
| **४. नियमावली** | | |
| १. | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ दोस्रो संसोधन २०८१** | नियम ८ को (ख) मा स्थानीयतहमा विपद् जोखिमको अवस्थाको लेखाजोखा, नक्साकन, विश्लेषण गरी विकास निर्माण सम्बन्धी कार्यमा विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक व्यवसथा गर्ने भन्ने कुरा उल्लेख गरिएको छ । |
| २. | **जलचर (ठेक) नियम, २०१९** | नियम ९ प्रतिबन्ध लगाउन सकिने : ठेक्का दिएको जलमा माछा प्रजनन कार्यको लागि कुनै खास अवधिभर माछा नमार्नु भनी नेपाल सरकारले प्रतिबन्ध लगाउन सक्नेछ । |
| ३. | **औद्योगिक व्यवसाय नियमावली, २०७६** | नियमावलीको नियम ७ मा उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छ । |
| ४. | **जलस्रोत नियमावली, २०५०** | नियमावलीको नियम १७ बमोजिम जलस्रोत उपयोगको अनुमतिपत्रको लागि (क), (ख), (ग), (घ), (ङ) अनुसार व्यवस्था गरेको छ । |
| ५. | **सिँचाइ नियमावली, २०५६** | नियमावलीको नियम १२ मा वृक्षारोपण तथा रूख विरूवाको संरक्षणको व्यवस्था गरेको छ । |
| ६. | **विद्युत् नियमावली, २०५०** | नियमावलीको नियम २८ बमोजिम विद्युतको वितरक तथा ग्राहकहरूले पालना गर्नुपर्ने कुराहरू साथै विद्यूत लाइन जडान गर्न दरखास्त दिनुपर्ने व्यवस्था रहेको छ । |
| ७. | **भूमि सम्बन्धी नियमहरू, २०२१** | नियम १६ मा अधिकतम हदभन्दा बढी भएको मोहियानी हक बापतको जग्गा बिक्री वा वितरण र नियम १६ क मा जग्गा सटापटा वा स्थानान्तरण गर्न निवेदन दिन सक्ने व्यवस्था गरेको छ । |
| ८. | **भू-उपयोग नियमावली, २०७९** | नियमावलीको नियम १० मा जग्गाधनी दर्ता, श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ । |
| ९. | **फोहोरमैला व्यवस्थापन नियमावली, २०७०** | नियम ३, नियम ४, नियम ५ को दफा ६ बमोजिम कम्तीमा जैविक र अजैविक लगायतका फोहोरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्दा हानिकारक वा रासायनिक फोहोरमैलालाई छुट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्नेगरी तोक्नु पर्नेछ । स्थानीय निकायले फोहोरमैला स्रोतमै छुट्याउने, फोहोर मैलाको उत्पादन स्रोतमै कम गर्ने र व्यवस्थापनको उपयुक्त प्रविधि अवलम्बन गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन |

| | | |
|---|---|---|
| | | गर्नुपर्नेछ । |
| १०. | **श्रम नियमावली, २०७५** | नियम ४, ७, ३४, र ५३ रोजगार सम्झौता गर्दा खुलाउनु पर्ने विवरणमा विदेशी नागरिक काममा लगाउन आवश्यक पर्ने इजाजत र श्रम स्वीकृति र श्रमिकको सुरक्षा र स्वास्थ्य सम्बन्धी प्रावधान रहेको छ । |
| ११. | **जनस्वास्थ्य सेवा नियमावली, २०७७** | यस नियमावलीको परिच्छेद २ मा जनस्वास्थ्य सेवा सम्बन्धी परिभाषा उल्लेख गरिएको छ भने परिच्छेद ३, नियम ९, १० र ११ मा स्वास्थ्य संस्थाको तहगत संरचना तथा सेवाको प्रकार तथा अस्पतालको मापदण्डको व्यवस्था गरिएको छ । |
| १२. | **खानी तथा खनिज पदार्थ नियमावली, २०५६** | नियमावलीको नियम ३ मा खनिज पदार्थको वर्ग र स्तर तथा खनिज कार्य गर्न चाहने व्यक्तिको योग्यता र नियम ५ मा खनिज कार्यको अनुमतिपत्र लिन चाहने व्यक्तिको योग्यता समबन्धी व्यवस्था गरेको छ । |
| १३. | **पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ ( तेस्रो संशोधन) २०७०** | नियम ५ मा क्वारेन्टाइन स्थल निर्माण गर्दा पालना गर्नुपर्ने शर्तहरू : (१) क्वारेन्टाइनस्थल निर्माण गर्दा पालना गर्नुपर्ने शर्त तथा पूरा गर्नुपर्ने मापदण्डको व्यवस्था गरेको छ । |
| **५. निर्देशिका, कार्यविधि र दिग्दर्शन** | | |
| १. | **राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० प्रथम संशोधन २०७५** | ८.३ स्थानीय तहको विपद् प्रतिकार्य कार्ययोजना अन्तर्गत : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा कार्ययोजनाको मार्गदर्शन र प्रदेश विपद् व्यवस्थापन परिषद् तथा कार्यकारी समितिको निर्णय तथा प्राधिकरणबाट दिइउका मार्गदर्शन एवम् स्थानीयस्तरको वस्तुस्थितिको आधारमा स्थानीय तहले विपद् प्रतिकार्यका लागि आ-आफ्नो विपद् प्रतिकार्य कार्ययोजना बनाउन सक्नेछन् । |
| २. | **राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०** | यस निर्देशिकाले वातावरणीय प्रभाव मूल्याङ्गन अध्ययन प्रकृया र प्रभावहरूको तह निर्धारण गरी उल्लेखनीयता पहिचान सरलीकृत गर्न सहयोग गरेको छ ।<br>दफा ६ को वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने : कुनै पनि उद्योग सञ्चालन गर्नु भन्दा अगाडी त्यस्तो उद्योग वातावरणमा पर्नसक्ने प्रभावको अध्ययन गरी मूल्याङ्कन गर्नुपर्नेछ ।<br>परिच्छेद -४ वातावरणीय प्रभाव मूल्याङ्कनका लागि क्षेत्र |

| | | |
|---|---|---|
| | | निर्धारण<br>परिच्छेद-५ वातावरणीय प्रभाव मूल्याङ्कनका लागि कार्यसूचीको तयारी गर्नुपर्ने व्यवस्था गरेको छ ।<br>परिच्छेद-६ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । |
| ३. | **वन क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२** | परिच्छेद -४ प्रारम्भिक वातावरणीय परीक्षण को बुदाँ नं. ९ को (१) मा कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नको लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने नपर्ने बारेमा निर्णयकर्ताहरूलाई थप जानकारी दिन, सम्बन्धित प्रस्तावबाट वातावरणमा पर्न सक्ने मुख्य प्रभावको पहिचान गर्न, अनुकूल र प्रतिकूल प्रभावहरू केके हुन सक्छन् र प्रतिकूल प्रभाव कम गर्ने ज्ञान र सीपको उपलब्धता बारे उल्लेख गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्नेछ ।<br>परिच्छेद -५ वातावरणीय प्रभाव मूल्याङ्कन र सोका लागि क्षेत्र निर्धारण तथा कार्यसूचीको व्यवस्था गरेको छ । |
| ३ | **EIA Guidelines for industry sector 1995, Ministry of industry and IUCN Nepal** | Chapter iii screening of industry and initial environmental examination . 6 need for screening of industry :8 initial environmental examination :<br>chapter iv scoping for environmental impact assessment .<br>chapter v preparation of terms of reference for environmental impact assessment.<br>chapter vi environmental impact assessment report . |
| ७ | **नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ (लुम्बिनी प्रदेश)** | परिच्छेद ३ उत्खनन्, सङ्कलन र घाटगद्दी सम्बन्धी व्यवस्था रहेको छ । दफा ५ मा वातावरणीय अध्ययन (१) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्ने स्थानीय तहले त्यसरी उत्खनन् सङ्कलन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने व्यवस्था गरेको छ ।<br>दफा ६ मा नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन सम्बन्धी व्यवस्था गरेको छ । त्यस्तै सोही कार्यविधिको दफा १० मा सङ्कलन भण्डारण र घाटगद्दीको व्यवस्था गर्ने व्यवस्था रहेको छ । |

| | | |
|---|---|---|
| ८ | **वन पैदावार सङ्कलन तथा विक्रिवितरण निर्देशिका, २०७३** | परिच्छेदमा -२, छपान, कटान तथा सङ्कलन इजाजत सम्बन्धी व्यवस्था, परिच्छेद -३ रूख कटान, मुछान, ढुवानी तथा घाटगद्दी सम्बन्धी व्यवस्था गरेको छ। |
| १० | **शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७** | यस निर्देशिकाले पूर्वाधार विकास र मानवीय क्रियाकलापले गर्दा हुने वातावरणीय प्रभावहरूलाई न्यूनीकरण गर्ने उपायहरूमा जोड दिइन्छ । यस निर्देशिकाले प्राकृतिक सम्पदाको संरक्षण, स्थानीयको  स्वास्थ्य, स्वच्छ र पर्यावरण मैत्री दिगो शहरी विकास सुनिश्चित गर्ने अधिकार जस्ता वातावरणीय प्रभावहरूका उपायहरू पनि सुझाव दिन्छ। |
| ११ | **राष्ट्रिय भवन संहिता, २०७७** | नेपालमा हाल "राष्ट्रिय भवन संहिता १०५:२०७७" कार्यान्वयनमा आएको छ जसलाई नेपालमा ठूला सबै खालका भवनहरूलाई भूकम्प प्रतिरोधी बनाउन आवश्यक पर्ने संरचनागत डिजाइन सहितको मापदण्डलाई समावेश गरेर राष्ट्रिय भवन संहितालाई अध्यावधिक गरिएको छ। |
| १२ | **भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१** | यस आदेश बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,  (क) भूमिगत जलस्रोतको सर्वेक्षण, अध्ययन, अन्वेषण, मूल्याङ्कन र अनुगमन गर्ने, गराउने, (ख) भूमिगत जलस्रोतको विकास तथा उपयोग गर्ने,गराउने, (ग) भूमिगत जलस्रोतको सम्बन्धमा व्यवस्थित सूचना प्रणालीको विकास गर्ने, (घ) भूमिगत जलस्रोतको सम्बन्धमा आवश्यकता अनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्ने, गराउने (ङ) भूमिगत जलस्रोतको सम्बन्धमा आवश्यकतानुसार परामर्श तथा सेवा उपलब्ध गराउने, (च) भूमिगत जलस्रोत सम्बन्धी नीति निर्माण गर्न नेपाल सरकारलाई सुझाव दिने। |
| १३ | **वातावरणीय मुद्दासम्बन्धी कार्यविधि दिग्दर्शन, न्याय मञ्च, २०६३** | भाग ३ नेपाल पक्ष भएका वातावरण सम्बन्धी सन्धि महासन्धिहरूबाट नेपालले लिएको दायित्वहरूको व्यवस्थाको उल्लेख रहेको छ। |

| | | |
|---|---|---|
| १४ | **वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७०** | अध्याय ३ नगरपालिकाका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू ३.४ नगरपालिका तह, (क) आधारभूत सूचक, तालिका नं.८ नगर तहका आधारभूत सूचकहरू, सबै वडाहरूले वातावरणमैत्री आधारभूत सूचकहरू पुरा गरी वातावरणमैत्री वडाको रूपमा घोषणा भएको हुनुपर्ने व्यवस्था गरेको छ । |
| **६.अन्तर्राष्ट्रिय सन्धि/महासन्धी** | | |
| १. | **जैविक विविधता सम्बन्धी महासन्धि, १९९२** | जैविक विविधता सम्मेलन, १९९२ ब्राजिलको रियो दि जेनेरियोमा संयुक्त राष्ट्रसंघीय वातावरण र विकास सम्मेलनमा हस्ताक्षरका लागि खोलिएको थियो । यो सम्मेलनलाई नेपालले १९९९मा पक्षराष्ट्र बन्नको लागि अनुमोदन गर्‍यो । सम्मेलनको धारा १ ले पक्षराष्ट्रहरूलाई प्रस्तावित आयोजनाको वातावरणीय संरक्षणको लागि आवश्यक प्रक्रियाहरू लागू गर्न आग्रह गर्दछ । |
| २. | **हानीकारक फोहोरमैलाहरूको अन्तर्राष्ट्रिय सीमापार ओसार पसार नियन्त्रण सम्बन्धी वासेल महासन्धि, १९८९** | यस महासन्धिको मुख्य उद्देश्य भनेको हानिकारक फोहोर तथा तिनको विसर्जनबाट पर्ने नकारात्मक प्रभावबाट मानव स्वास्थ्य तथा वातावरणलाई जोगाउनु हो । वासेल महासन्धि हानीकारक फोहोरमैलाहरूको राष्ट्रियहरू सिमापार ओसारपसार नियन्त्रण गर्न बनेको एक अन्तर्राष्ट्रिय महासन्धि हो । |
| ३. | **बहुपक्षीय वातावरणीय सम्झौता** | नेपाल पक्ष भएका वातावरण सम्बन्धि केही अन्तराष्ट्रिय कानूनहरूलाई प्रस्ताव कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा ध्यान दिनु पर्ने जरूरी देखिन्छ । नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका अन्तराष्ट्रियस्तरका विभिन्न सन्धि वा महासन्धिहरूमा महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेका छन । यस्ता अन्तराष्ट्रिय सन्धि तथा वा महासन्धिहरू Plant protection Agreement for South East Asia and Pacific, February-27,1956, Rome, Convention on Biological Diversity, June-5, 1992, Rio De Jenerio, CITES Convention on International Trade in Endangered Species or Wild Flora and Fauna, March-3,1973, Washington Convention on Wetlands or international importance, February-2,1971, विश्व सास्कृति तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धि महासंधि (November-23,1972, Paris), अन्तराष्ट्रिय ट्रपिकल आदि प्रमुख छन् । यी |

| | | |
|---|---|---|
| | | महासन्धिहरूले प्राकृतिक स्रोत व्यबस्थापन तथा जीब र बनस्पति संरक्षणको सुनिश्चिताबाट बातावरण संरक्षण गर्न आबश्यक प्रावधानको व्याख्या गरेका छन् । |
| **७. मापदण्ड** | | |
| १. | **ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ साथै पहिलो संशोधन, २०७९** | विकास निर्माण कार्यमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पर्दाथको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाइ निरूत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न, तथा गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिटी, बालुवा एवम् माटोजन्य बस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने व्यवहारिक प्रकृया निर्धारण गर्न वाञ्छनीय भएकोले नेपाल सरकार (मन्त्रिपरिषद) ले यो मापदण्ड बनाएको छ । |
| २. | **वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९** | वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ ले ९ थरि प्यारामिटरका लागि गुणस्तर मापदण्डहरू तय गरेको छ जुन यस प्रकार छन् total suspended particle, pm, 10, सल्फर डाइअक्साइड, नाइट्रोजन अक्साइड, कार्बन मोनोअक्साइड, सीसा, बेन्जीन, pm २५ र ओजोन । उद्योग निर्माण र सञ्चालनको बेलामा आयोजनाले वायु गुणस्तरका लागि तय गरिएका मापदण्डहरूको पालना गर्नुपर्नेछ ।<br>यसले विभिन्न क्षेत्रको लागि दिवा र रात्रि समयको लागि ध्वनिको सीमा तोकेको छ । |
| ३. | **ध्वनीको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९** | |
| ४. | **नेपाल सवारी प्रदुषण मापदण्ड, २०६९** | यसले विभिन्न किसिमका सवारी साधनबाट निष्कने धुँवाको गुणस्तर सम्बन्धी अधिकतम सीमा तोकेको छ । |
| ५. | **बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२** | नगर विकास ऐन २०४५ को दफा २३ र काठमाण्डौ उपत्यका विकास प्राधिकरण ऐन २०४५ को दफा २६ ले भौतिक योजनाको तर्जुमा तथा कार्यान्वयन, र भवन ऐन २०५५ ले तोकेका क,ख, ग, घ वर्गका भवनहरू निर्माण गर्न गराउनका लागि नेपाल सरकारले यो बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागू गरेको छ । |
| **८. गुरूयोजना, रणनीति** | | |
| १. | **विपद् जोखिम** | मार्गदर्शक सिद्धान्त अन्तर्गत : १) मा विपद् जोखिम |

| | | |
|---|---|---|
| | **न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना : २०१८-२०३० (असार १५, २०७५)** | न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी राज्यको हुनेछ । राज्यले आवश्यक परेमा अन्तराष्ट्रिय, क्षेत्रीय तथा द्धिपक्षीय सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।<br>२.) नेपाल सरकारले संघ, प्रदेश तथा स्थानीय तह, सरोकारवाला संघ, संस्थाहरु तथा समुदाय, निजी षेत्र, अन्तराष्ट्रिय संघ संसथाहरु लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ भन्ने कुरा उल्लेख रहेको छ । |
| २. | **नेपाल सरकार, सरसफाइ गुरूयोजना, २०६८** | सन् २०१७ सम्ममा आधारभूत स्तरसम्मको सरसफाइमा सबै घरधुरीको पहुँच पुऱ्याइ सरसफाइ, स्वच्छता, स्वास्थ्य र वातावरणमा सुधार ल्याउनु यस गुरूयोजनाको लक्ष्य रहेको छ ।<br>तह १ : सन् २०१२/१३ सम्ममा कूल घरधुरीको ६०% लाई चर्पीको पहुँच पुऱ्याउने,<br>तह २ : सन् २०१४/१५ सम्ममा कूल घरधुरीको ८०% लाई चर्पीको पहुँच पुऱ्याउने,<br>तह ३ : सन् २०१६/१७ सम्ममा १००% (सबैलाई) चर्पीको पहुँच पुऱ्याउने व्यवस्था रहेको छ । |
| ३. | **नेपाल सरकार, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरूयोजना, २०७४** | दूरदृष्टि : संरक्षित तथा प्राकृतिक सन्तुलन सहितको चुरे-तराई मधेश दून भू-परिधि, वातावरणीय वस्तु र सेवाको सतत प्रवाहसहित आर्थिक समृद्धि हासिल गर्नु रहेको छ ।<br>लक्ष्य : चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दीगो व्यवस्थापन, पारिस्थितकीय सेवाको सम्वर्द्धनद्धारा गरिबी न्यूनीकरण एवम् समृद्धि नेपालको राष्ट्रिय लक्ष्यमा टेवा पुऱ्याउने रहेको छ । |
| ४. | **नेपाल स्वास्थ्य क्षेत्र रणनीति, २०१५-२०२०** | आधारभूत स्वास्थ्य सेवाहरूको विश्वव्यापी कभरेजको लागि मार्गचित्र प्रदान गर्दछ । रणनीतिले स्वास्थ्यलाई सामाजिक आर्थिक विकासको केन्द्रमा राखेको छ । स्वास्थ्य सेवामा समतामूलक पहुँच, सबैका लागि गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य प्रणाली सुधार र बहुक्षेत्रीय दृष्टिकोण, उपलब्ध स्रोतहरूको अधिकतम उपयोग गरी सेवा प्रदायक, सेवा प्रयोगकर्ता र अन्य सरोकारवालाहरूबीच रणनीतिक सहकार्यमार्फत स्वस्थ रहन नागरिकको मौलिक अधिकार सुनिश्चित गर्दछ । |

| | | |
|---|---|---|
| ५. | **दिगो विकास लक्ष्य सन् २०१६ देखि सन् २०३०** | दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा यो व्यवस्था गरेको छ । स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमिकरण र भूक्ष्य रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने । कुरा उल्लेख गरिएको छ । |
| ६. | **२०६७/४/२१ गतेको सर्वोच्च अदालतको आदेश** | रोडा, ढुङ्गा तथा बालुवाको नियमन गर्ने सम्बन्धिको निर्णय ( ख) मा उल्लेख भए अनुसार प्राकृतिक स्रोत र साधनको सङ्कलन, उत्खनन् वा दोहन अनियन्त्रित रूपमा नहोस् भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्ला भित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हद सम्म सङ्कलन, दोहन वा उत्खनन् गर्न सकिन्छ । |
| **९.आवधिक योजना, नीति तथा कार्यक्रम र बजेट भाषण** | | |
| १. | **सोहौं योजना (२०८१/०८२-२०८५/०८६)** | परिच्छेद ६ को गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर आबद्धता अर्न्तगत बुँदा नं. (९) मा नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन सम्बन्धी उल्लेख गरेको छ । त्यस्तै ६.३ मा मुख्य सवाल तथा चुनौती अन्तर्गत बुँदा नं. (१३) मा नदी तथा जल उत्पन्न विपद् व्यवस्थापनका कुराहरू उल्लेख गरेको छ ।<br>६.४ मा रूपान्तरणकारी रणनीति अन्तर्गत : बुँदा नं. (१२) मा एकीकृत विपद् व्यवस्थापन गर्ने अन्तर्गत : स्थानीय सामग्रीहरूको प्रयोग गरी विपद्बाट हुने क्षतिको न्यूनीकरण गर्ने : मुलुकको आर्थिक, सामाजिक विकास र वातावरणीय सन्तुलनमा परेका नकारात्मक प्रभावहरू कम गर्ने,: जलवायु परिवर्तनबाट हुने असरलाई समेत आँकलन गरी नदी व्यवस्थापनका कार्यहरू दिगो विधिबाट गर्ने भन्ने कुरा उल्लेख रहेको छ । |

# परिच्छेद तीन  सामाजिक- आर्थिक तथा साँस्कृतिक वातावरण


## ३ सामाजिक- आर्थिक तथा साँस्कृतिक वातावरण

### ३.१ प्रस्ताव क्षेत्रको जनसङ्ख्या तथा बस्तीहरू

प्रस्तावित क्षेत्र रोहिणी गाउँपालिका क्षेत्रमा पर्दछ । केन्द्रीय तथ्याङ्क विभाग २०७८ को जनगणना अनुसार गाउँपालिकाको कूल जनसङ्ख्या ४३,३२७ रहेको छ। जुन २०६८ सालको जनसङ्ख्या ३७,१७५ को तुलनामा ६,१५२ ले बढी देखिन्छ। उक्त अवधि (१० वर्ष ५ महिना) मा गाउँपालिकाको सरदर वार्षिक जनसङ्ख्या वृद्धिदर १.४७ प्रतिशत भएको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गाउँपालिकामा बसोबास गर्ने जम्मा जनसङ्ख्या मध्ये पुरूषको सङ्ख्या २१,८६५ (५०.४७ प्रतिशत) र महिलाको सङ्ख्या २१,४६२ (४९.५३ प्रतिशत) छ। जस अनुसार लैङ्गिक अनुपात १०१.९ हुन आउँछ सो अनुपात २०६८ (१००.६२) को तुलनामा केही बढी हो। राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिका भित्र ७ हजार ५ सय २६ परिवारहरू बसोबास गरेको देखिएको छ । दश वर्ष अघि अर्थात वि.सं. २०६८ मा उक्त सङ्ख्या ५ हजार ६ सय ५७ थियो। यस प्रकार गाउँपालिकामा गत १० वर्ष भित्र जम्मा १ हजार ८ सय ६९ परिवारहरू (३३.०४ प्रतिशत) थप भएको देखिन्छ। गाउँपालिकामा औसत परिवार सङ्ख्या ५.७५७ कायम हुन आउँछ जुन २०६८ मा ६.५७ रहेको थियो ।

वडा अनुसार सबैभन्दा कम जनसङ्ख्या (४,५५४ जना) भएको वडा नं. ५ र बढी जनसङ्ख्या (८,५८० जना) भएको वडा ३ नं. रहेको छ । वार्षिक जनसङ्ख्या वृद्धिदर अनुसार सबैभन्दा बढी (२.०१) वडा नं ३ र सबैभन्दा कम (०.२७) वडा नं. ७ मा रहेको छ। वडा अनुसार सबैभन्दा बढी औसत परिवार सङ्ख्या वडा नं १ मा ६.१७४ र कम वडा नं. ४ मा ५.४०५ रहेको छ । वडा सहितको विस्तृत विवरण तलको तालिका र रेखाचित्रमा दिइएको छ ।

**रेखाचित्र नं. १ : वडा अनुसार २०६८ र २०७८ को जनसङ्ख्या**



**तालिका नं. २ : परिवार सङ्ख्या, जनसङ्ख्या तथा लैङ्गिक अनुपात र वडा अनुसारका बस्तीहरू**


| क्षेत्र | २०६८ | | | | २०७८ | | | | | | वार्षिक जनसङ्ख्या वृद्धि दर | साविक गा.वि.स. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जनसङ्ख्या | | | परिवार सङ्ख्या | जनसङ्ख्या | | | औसत परिवार आकार | लैङ्गिक अनुपात | | |
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला | | | | |
| रोहिणी गाउँपालिका | ५,६५७ | ३७,१७५ | १८,६४५ | १८,५३० | ७,५२६ | ४३,३२७ | २१,८६५ | २१,४६२ | ५.७५७ | १०१.९ | १.४७ | |
| वडा नं. | | | | | | | | | | | | |
| १ | ७०७ | ५,२२८ | २,६६९ | २,५५९ | १,०३२ | ६,३७२ | ३,२२३ | ३,१४९ | ६.१७४ | १०२.३ | १.९ | बगाहा |
| २ | ९३५ | ६,२२० | ३,१०५ | ३,११५ | १,२८८ | ७,५७८ | ३,८२८ | ३,७५० | ५.८८४ | १०२.१ | १.९ | पोखरभिण्डी |
| ३ | १,१०४ | ६,९६५ | ३,४७८ | ३,४८७ | १,५२७ | ८,५८० | ४,३५५ | ४,२२५ | ५.६१९ | १०३.१ | २.०१ | धकधई |
| ४ | ८५८ | ५,२२१ | २,५६५ | २,६५६ | १,०९५ | ५,९१९ | २,९५८ | २,९६१ | ५.४०५ | ९९.९ | १.२० | छिपागढ |
| ५ | ६०५ | ४,११२ | २,१४३ | १,९६९ | ८३६ | ४,५५४ | २,२८४ | २,२७० | ५.४४७ | १००.६ | ०.९८ | बोधवार |
| ६ | ६७२ | ४,३४८ | २,१३३ | २,२१५ | ८८९ | ५,०९५ | २,५४५ | २,५५० | ५.७३१ | ९९.८ | १.५२ | बोधवार |
| ७ | ७७६ | ५,०८१ | २,५५२ | २,५२९ | ८५९ | ५,२२९ | २,६७२ | २,५५७ | ६.०८७ | १०४.५ | ०.२७ | पजरकट्टी |

स्रोत : २०६८ र २०७८ को राष्ट्रिय जनगणना

## ३.२ उमेर समूह अनुसार जनसङ्ख्याको संरचना

गाउँपालिकामा जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १४ देखि १९ वर्ष उमेर समूहमा कूल जनसङ्ख्याको सबैभन्दा बढी प्रतिशत (११.२६%) रहेको छ। जनसङ्ख्या ९ देखि १४ वर्ष उमेर समूहमा १०.५६% जनसङ्ख्या रहेको छ । पुरूषको हकमा कूल जनसङ्ख्याको सबैभन्दा धेरै १४ देखि १९ वर्ष उमेर समूहको (५.७२%)  र महिलातर्फ कूल जनसङ्ख्याको सबैभन्दा धेरै १४ देखि १९ वर्ष उमेर समुहका (५.५४%) व्यक्तिहरू रहेको छ। उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुँदै गएको छ ।

**रेखाचित्र नं. २ : गाउँपालिकाको जनसङ्ख्या पिरामिड**




स्रोत : २०७८ को राष्ट्रिय जनगणना

## ३.३ जातिगत विवरण

गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणना अनुसार जातजातिको अवस्था हेर्दा प्रमुख १० वटा जातिले ७८.६२ प्रतिशत भन्दा बढी हिस्सा ओगटेको देखिन्छ जसमा मुसल्मान (२३.४८ प्रतिशत), यादव (१५.४० प्रतिशत), चमार/हरिजन/राम (११.०६) प्रतिशत, थारू (८.५० प्रतिशत), केवट ( ५.६७ प्रतिशत), कहार (३.३६ प्रतिशत), कुर्मी (३.११ प्रतिशत), धोबी (२.७७ प्रतिशत), तेली (२.७१ प्रतिशत), र ब्राहमण (तराई) (२.५६ प्रतिशत) रहेका छन् । यसैगरी कम सङ्ख्या हुने ५ जातिहरूमा

धन्दि (१० जना), गुरूङ (१० जना), माली (११ जना), राउनियार (१४ जना) र सुन्डी (१४ जना) हुन् । विस्तृत विवरण तलको तालिका मा दिइएको छ ।


**तालिका नं. ३ : गाउँपालिकामा जातजाति अनुसारको जनसङ्ख्या**

| जातजातिकोनाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| मुसलमान | १०१७३ | २३.४८% | ५००५ | ११.५५% | ५१६८ | ११.९३% |
| यादव | ६६७२ | १५.४०% | ३३८७ | ७.८२% | ३२८५ | ७.५८% |
| चमार/हरिजन/राम | ४७९१ | ११.०६% | २४५५ | ५.६७% | २३३६ | ५.३९% |
| थारू | ३६८३ | ८.५०% | १८३१ | ४.२३% | १८५२ | ४.२७% |
| केवट | २४५६ | ५.६७% | १२४९ | २.८८% | १२०७ | २.७९% |
| कहार | १४५४ | ३.३६% | ७२७ | १.६८% | ७२७ | १.६८% |
| कुर्मी | १३४८ | ३.११% | ६९८ | १.६१% | ६५० | १.५०% |
| धोबी | ११९८ | २.७७% | ६१५ | १.४२% | ५८३ | १.३५% |
| तेली | ११७६ | २.७१% | ६०० | १.३८% | ५७६ | १.३३% |
| ब्राहमण (तराई) | ११११ | २.५६% | ५७९ | १.३४% | ५३२ | १.२३% |
| दुसाध/पासवान/पासी | ९८१ | २.२६% | ५०८ | १.१७% | ४७३ | १.०९% |
| घर्ति/भुजेल | ८६३ | १.९९% | ४३० | ०.९९% | ४३३ | १.००% |
| कोइरी/कुस्वाहा | ७८९ | १.८२% | ३८४ | ०.८९% | ४०५ | ०.९३% |
| हजाम/ठाकुर | ७३८ | १.७०% | ३७० | ०.८५% | ३६८ | ०.८५% |
| मल्लाह | ७२९ | १.६८% | ३६१ | ०.८३% | ३६८ | ०.८५% |
| राजभार | ६८८ | १.५९% | ३४८ | ०.८०% | ३४० | ०.७८% |
| कुम्हार | ५९६ | १.३८% | ३०७ | ०.७१% | २८९ | ०.६७% |
| कल्वार | ५२६ | १.२१% | २७७ | ०.६४% | २४९ | ०.५७% |
| बानियान | ४९३ | १.१४% | २५१ | ०.५८% | २४२ | ०.५६% |
| लोहार | ३२५ | ०.७५% | १६६ | ०.३८% | १५९ | ०.३७% |
| क्षेत्री | २८४ | ०.६६% | १४२ | ०.३३% | १४२ | ०.३३% |
| धुनिआ | २६२ | ०.६०% | १३९ | ०.३२% | १२३ | ०.२८% |
| बाराई | २१६ | ०.५०% | १०७ | ०.२५% | १०९ | ०.२५% |
| खावास | १४७ | ०.३४% | ७२ | ०.१७% | ७५ | ०.१७% |
| बधाई/बधेई | १४२ | ०.३३% | ८० | ०.१८% | ६२ | ०.१४% |

| जातजातिकोनाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| बिदेशी | १३६ | ०.३१% | ८४ | ०.१९% | ५२ | ०.१२% |
| काठबानियान | १३० | ०.३०% | ७६ | ०.१८% | ५४ | ०.१२% |
| नुनिया | १२३ | ०.२८% | ६४ | ०.१५% | ५९ | ०.१४% |
| गधेरी/भेदियार | १०८ | ०.२५% | ५२ | ०.१२% | ५६ | ०.१३% |
| विश्वकर्मा | १०६ | ०.२४% | ४८ | ०.११% | ५८ | ०.१३% |
| कानु | ९५ | ०.२२% | ५१ | ०.१२% | ४४ | ०.१०% |
| नेवा : नेवार | ८९ | ०.२१% | ४२ | ०.१०% | ४७ | ०.११% |
| सुनार | ८६ | ०.२०% | ४८ | ०.११% | ३८ | ०.०९% |
| राजपुत | ८१ | ०.१९% | ४३ | ०.१०% | ३८ | ०.०९% |
| सन्यासी/दशनामी | ६९ | ०.१६% | ३१ | ०.०७% | ३८ | ०.०९% |
| ब्राह्मण ( पहाड) | ६२ | ०.१४% | ३० | ०.०७% | ३२ | ०.०७% |
| लोध | ५८ | ०.१३% | ३० | ०.०७% | २८ | ०.०६% |
| पथ्थरकट्टा/कुश्वादिया | ५८ | ०.१३% | ३१ | ०.०७% | २७ | ०.०६% |
| अन्य | ५४ | ०.१२% | २६ | ०.०६% | २८ | ०.०६% |
| कुमाल | ३९ | ०.०९% | १९ | ०.०४% | २० | ०.०५% |
| मगर | ३२ | ०.०७% | १९ | ०.०४% | १३ | ०.०३% |
| ठकुरी | ३२ | ०.०७% | १४ | ०.०३% | १८ | ०.०४% |
| माझी | ३० | ०.०७% | १८ | ०.०४% | १२ | ०.०३% |
| बिन | २४ | ०.०६% | १२ | ०.०३% | १२ | ०.०३% |
| धन्कार/धरिकार | १५ | ०.०३% | ७ | ०.०२% | ८ | ०.०२% |
| सुन्डी | १४ | ०.०३% | ६ | ०.०१% | ८ | ०.०२% |
| राउनियार | १४ | ०.०३% | ९ | ०.०२% | ५ | ०.०१% |
| माली | ११ | ०.०३% | ६ | ०.०१% | ५ | ०.०१% |
| गुरूङ | १० | ०.०२% | ५ | ०.०१% | ५ | ०.०१% |
| धन्दि | १० | ०.०२% | ६ | ०.०१% | ४ | ०.०१% |
| **सबै जाति** | **४३३२७** | **१००%** | **२१८६५** | **५०.४७%** | **२१४६२** | **४९.५३%** |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

रेखाचित्र नं.३ : गाउँपालिकामा रहेको प्रमुख १० जातजातिको प्रतिशत




## ३.४ मातृभाषाको अवस्था


गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणना अनुसार मातृभाषाको अवस्था हेर्दा प्रमुख ५ वटा मातृभाषाले ९९.५० प्रतिशत भन्दा बढी हिस्सा ओगटेको देखिन्छ । जसमा भोजपुरी (६९.९० प्रतिशत), अवधी (२२.९८ प्रतिशत), थारू (३.२८ प्रतिशत), नेपाली (२.३७ प्रतिशत) र उर्दु (०.९७ प्रतिशत) रहेका छन् । यसैगरी कम सङ्ख्यामा बोलिने मातृभाषामा सोनाह (२२ जना), नेवारी (४० जना), हिन्दी (१४० जना) र अन्य (१५ जना) हुन् । विस्तृत विवरण तलको तालिका मा दिइएको छ ।

**तालिका नं. ४ : गाउँपालिकामा बोलिने मातृभाषा अनुसारको जनसङ्ख्या**

| भाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| भोजपुरी | ३०२८५ | ६९.९०% | १५६२७ | ३६.०७% | १४६५८ | ३३.८३% |
| अवधी | ९९५७ | २२.९८% | ४६७१ | १०.७८% | ५२८६ | १२.२०% |
| थारू | १४२१ | ३.२८% | ७२२ | १.६७% | ६९९ | १.६१% |
| नेपाली | १०२८ | २.३७% | ५२० | १.२०% | ५०८ | १.१७% |
| उर्दु | ४१९ | ०.९७% | १९९ | ०.४६% | २२० | ०.५१% |
| हिन्दी | १४० | ०.३२% | ८६ | ०.२०% | ५४ | ०.१२% |
| नेवारी | ४० | ०.०९% | २१ | ०.०५% | १९ | ०.०४% |
| सोनाह | २२ | ०.०५% | १२ | ०.०३% | १० | ०.०२% |
| अन्य | १५ | ०.०३% | ७ | ०.०२% | ८ | ०.०२% |
| **सबै भाषा** | **४३३२७** | **१००%** | **२१८६५** | **५०.४७%** | **२१४६२** | **४९.५३%** |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ४ : गाउँपालिकामा बोलिने प्रमुख मातृभाषाको प्रतिशत**




## ३.५ धर्म सम्बन्धी विवरण


गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणना अनुसार मानिने धर्म हेर्दा प्रमुख ४ वटा मान्ने गरेको देखिन्छन् । जसअनुसार हिन्दु (७५.५५ प्रतिशत), इस्लाम (२४.१५ प्रतिशत), क्रिस्चियन (०.१७ प्रतिशत) र बौद्ध (०.१३ प्रतिशत) रहेका छन् । विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ५ : गाउँपालिकामा धर्म अनुसारको जनसङ्ख्या**

| धर्म | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| हिन्दू | ३२७३३ | ७५.५५% | १६६४० | ३८.४१% | १६०९३ | ३७.१४% |
| इस्लाम | १०४६३ | २४.१५% | ५१५७ | ११.९०% | ५३०६ | १२.२५% |
| क्रिस्चियन | ७३ | ०.१७% | ३८ | ०.०९% | ३५ | ०.०८% |
| बुद्ध | ५८ | ०.१३% | ३० | ०.०७% | २८ | ०.०६% |
| **जम्मा** | **४३३२७** | **१००%** | **२१८६५** | **५०.४७%** | **२१४६२** | **४९.५३%** |

**स्रोत :** २०७८ को राष्ट्रिय जनगणना


**रेखाचित्र नं. ५ : गाउँपालिकामा धर्म अनुसारको प्रतिशत**




## ३.६ शिक्षा एवम् साक्षरता

राष्ट्रिय जनगणना २०७८ मा ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरूको शैक्षिक अवस्था सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। जनगणनाको नतिजाले गाउँपालिका भित्र बसोबास गर्ने ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कूल ३९,३०७ जनसङ्ख्यामा २८,४२३ जना पढ्न र लेख्न दुवै जान्ने देखाएको छ। यस अनुसार गाउँपालिकाको समग्र साक्षरता दर ७२.३१ प्रतिशत रहेको छ। पुरूषको साक्षरता दर ८२.९८ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर ६१.४६ प्रतिशत रहेको छ। वडा अनुसार हेर्दा सबैभन्दा बढी साक्षरता दर (७४.९२) वडा नं. २ मा र सबैभन्दा कम ( ६६.५४) वडा नं. ७ मा रहेको छ । अन्य विस्तृत विवरण तलको रेखाचित्र र तालिकामा दिइएको छ ।

**रेखाचित्र नं. ६ : गाउँपालिका र वडा अनुसार साक्षरता दर**



## तालिका नं. ६ : साक्षरता दर सम्बन्धी विवरण

| लिङ्ग | ५ वर्ष र सो भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्या | | | नखुलेको | साक्षरता दर (% मा) |
|---|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न दुवै जानेको | पढ्नमात्र जानेको | पढ्नर लेख्न दुवै नजानेको | | |
| रोहिणी गाउँपालिका | | | | | | |
| जम्मा | ३९३०७ | २८४२३ | २०८ | १०६६० | १६ | ७२.३१% |
| पुरुष | १९८२५ | १६४५० | ८९ | ३२७७ | ९ | ८२.९८% |
| महिला | १९४८२ | ११९७३ | ११९ | ७३८३ | ७ | ६१.४६% |
| **वडा नं. १** | | | | | | |
| जम्मा | ५७४४ | ४११० | ४७ | १५८३ | ४ | ७१.५५% |
| पुरुष | २९०५ | २३४८ | १२ | ५४४ | १ | ८०.८३% |
| महिला | २८३९ | १७६२ | ३५ | १०३९ | ३ | ६२.०६% |
| **वडा नं. २** | | | | | | |
| जम्मा | ६८६३ | ५१४२ | २ | १७१७ | २ | ७४.९२% |
| पुरुष | ३४८४ | २९६८ | १ | ५१४ | १ | ८५.१९% |
| महिला | ३३७९ | २१७४ | १ | १२०३ | १ | ६४.३४% |
| **वडा नं. ३** | | | | | | |
| जम्मा | ७८३८ | ५७७६ | ८ | २०५२ | २ | ७३.६९% |
| पुरुष | ३९५७ | ३३५१ | १ | ६०३ | २ | ८४.६९% |
| महिला | ३८८१ | २४२५ | ७ | १४४९ | ० | ६२.४८% |
| **वडा नं. ४** | | | | | | |
| जम्मा | ५४१६ | ४०५४ | ३३ | १३२९ | ० | ७४.८५% |
| पुरुष | २६९२ | २३४० | १२ | ३४० | ० | ८६.९२% |
| महिला | २७२४ | १७१४ | २१ | ९८९ | ० | ६२.९२% |
| **वडा नं. ५** | | | | | | |
| जम्मा | ४१३१ | ३०२० | ९ | १०९९ | ३ | ७३.११% |
| पुरुष | २०६३ | १७११ | ४ | ३४७ | १ | ८२.९४% |
| महिला | २०६८ | १३०९ | ५ | ७५२ | २ | ६३.३०% |

| लिङ्ग | ५ वर्ष र सो भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्या | | | नखुलेको | साक्षरता दर (% मा) |
|---|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न दुवै जानेको | पढ्नमात्र जानेको | पढ्नर लेख्न दुवै नजानेको | | |
| **वडा नं. ६** | | | | | | |
| जम्मा | ४५८१ | ३१७१ | ४५ | १३६४ | १ | ६९.२२% |
| पुरुष | २२९० | १८२८ | २३ | ४३९ | ० | ७९.८३% |
| महिला | २२९१ | १३४३ | २२ | ९२५ | १ | ५८.६२% |
| **वडा नं. ७** | | | | | | |
| जम्मा | ४७३४ | ३१५० | ६४ | १५१६ | ४ | ६६.५४% |
| पुरुष | २४३४ | १९०४ | ३६ | ४९० | ४ | ७८.२३% |
| महिला | २३०० | १२४६ | २८ | १०२६ | ० | ५४.१७% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

जनगणनामा प्राप्त नतिजा अनुसार कुल साक्षर जनसङ्ख्याका सबैभन्दा बढी ३४.३२ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) मात्र उत्तीर्ण गरेका छन्। निम्न माध्यामिक तह (कक्षा ६ देखि ८ सम्म) मात्र उत्तीर्ण गरेका व्यक्तिहरू २३.८० प्रतिशत रहेका छन्। एस.एल.सी. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरू ५.०४ प्रतिशत देखिन्छन्। यसैगरी एस.एल.सी. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू ११.४० प्रतिशत रहेका छन्। यस्तै १.९८ प्रतिशत व्यक्तिहरूले अनौपचारिक शिक्षा अध्ययन गरेको देखिएको छ।

प्राप्त नतिजाले गाउँपालिकाका ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर पुरूष र महिलाहरूले सबैभन्दा बढी सङ्ख्याले प्राथमिक तह मात्र उत्तीर्ण गरेका छन् जसमा पुरुष र महिला क्रमशः १८.६१ प्रतिशत र १५.७१ प्रतिशत रहेका छन्। दोस्रो ठुलो हिस्सा (२३.८० प्रतिशत) ले निम्नमाध्यामिक तहमात्र उत्तीर्ण गरेका छन्। एस.एल.सी. भन्दा माथिल्लो तह उत्तीर्ण गर्ने महिलाहरूको तुलनामा पुरूषहरूको प्रतिशत केही बढी रहेको छ। अनौपचारिक शिक्षामा महिलाहरूको प्रतिशत पुरूषको भन्दा धेरै रहेको छ। गाउँपालिकाको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।


**तालिका नं. ७ : साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तह**

| उत्तीर्णगरेको तह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पूर्व प्राथमिक तह | १९०५ | ६.५७% | १०७० | ३.६९% | ८३५ | २.८८% |
| प्राथमिक तह ((१-५) | ९९४५ | ३४.३२% | ५३९२ | १८.६१% | ४५५३ | १५.७१% |

| उत्तीर्णगरेको तह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| निम्न माध्यमिक तह (६-८) | ६८९६ | २३.८०% | ४१०० | १४.१५% | २७९६ | ९.६५% |
| माध्यमिक तह(९-१०) | ४८९७ | १६.९०% | ३०१६ | १०.४१% | १८८१ | ६.४९% |
| एस.एल.सि. वा सो सरह | १४५९ | ५.०४% | ९०० | ३.११% | ५५९ | १.९३% |
| प्रमाणपत्र वा सो सरह | २५०६ | ८.६५% | १५१९ | ५.२४% | ९८७ | ३.४१% |
| स्नातक वा सो सरह | ५६० | १.९३% | ३४० | १.१७% | २२० | ०.७६% |
| स्नातकोत्तर वा सो सरह र माथि | २३६ | ०.८१% | १८१ | ०.६२% | ५५ | ०.१९% |
| अन्य | ६९ | ०.२४% | १४ | ०.०५% | ५५ | ०.१९% |
| तह नभएको/ तह नखुलेको | ३०२ | १.०४% | ११८ | ०.४१% | १८४ | ०.६३% |
| उल्लेख नभएको | २०२ | ०.७०% | १०० | ०.३५% | १०२ | ०.३५% |
| **जम्मा** | **२८९७७** | **१००%** | **१६७५०** | **५७.८०%** | **१२२२७** | **४२.२०%** |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ७ : गाउँपालिकाका साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तह प्रतिशतमा**



### ३.७ पेशा तथा आर्थिक क्रियाकलाप

जीवन निर्वाह खेती, सानोतिनो व्यापार, ज्याला मजदुरी तथा वैदेशीक रोजगार नै प्रस्ताव प्रभावित क्षेत्रका वासिन्दाहरूको मुख्य आर्थिक क्रियाकलाप हुन । गाउँपालिकाका १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ। आर्थिक काम गरेका १८,०५० जनसङ्ख्या मध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ३९.२० प्रतिशत रहेका छन्। यसपछि क्रमश: सामान्य वा प्राथमिक पेशाका कामदारहरू ३५.५६ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू १०.६५ प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू ४.७६ प्रतिशत, यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदारहरू ३.५९ प्रतिशत, व्यवस्थापकहरू २.२८ प्रतिशत, पेशाविदहरू २.१० प्रतिशत रहेका छन्। विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।


**तालिका नं. ८ : आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य पेशा अनुसारको विवरण**

(१० वर्ष वा सो भन्दा बढी उमेरका)

| आर्थिक कामको पेशागत विवरण | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि,वन र माछापालन कार्यका दक्ष कामदारहरु | ७०७६ | ३९.२०% | ४३०६ | २३.८६% | २७७० | १५.३५% |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | ६४१९ | ३५.५६% | ३१४८ | १७.४४% | ३२७१ | १८.१२% |
| शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | १९२३ | १०.६५% | १७५२ | ९.७१% | १७१ | ०.९५% |
| सेवा तथा वस्तु बिक्री गर्नेकामदारहरु | ८६० | ४.७६% | ७०४ | ३.९०% | १५६ | ०.८६% |
| यन्त्र तथा मेशिन अपरेटर र जडानगर्ने कामदारहरु | ६४८ | ३.५९% | ६३२ | ३.५०% | १६ | ०.०९% |
| व्यवस्थापकहरु | ४११ | २.२८% | ३६१ | २.००% | ५० | ०.२८% |
| पेशाविद्हरु | ३७९ | २.१०% | २७८ | १.५४% | १०१ | ०.५६% |
| प्राविधिक तथा सहायक पेशाविद्हरु | १९४ | १.०७% | १५३ | ०.८५% | ४१ | ०.२३% |
| कार्यालय सहायकहरु | ९२ | ०.५१% | ७८ | ०.४३% | १४ | ०.०८% |
| सैनिक अधिकारीहरु | २७ | ०.१५% | २३ | ०.१३% | ४ | ०.०२% |
| उल्लेख नभएका | २१ | ०.१२% | ११ | ०.०६% | १० | ०.०६% |
| **जम्मा** | **१८०५०** | **१००%** | **११४४६** | **६३.४१%** | **६६०४** | **३६.५९%** |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ८ : आर्थिक रूपले सक्रिय जनसङ्ख्या मुख्य पेशा अनुसारको विवरण प्रतिशतमा**
(१० वर्ष वा सो भन्दा बढी उमेरका)




अध्ययन अनुसार करिव एक तिहाई मानिसहरू सानातिना होटल, किराना पसल वा कुनै एक किसमिको व्यापार पेशामा लागेका देखिन्छन् । गाउँपालिकाका १० वर्ष वा सोभन्दा माथिका ३५,०४३ जना व्यक्तिहरू मध्ये ५१.५१ प्रतिशतले गणना अधिको १२ महिना अवधिको समयमा कुनै न कुनै आर्थिक काम गरेको देखिन्छ जसमध्ये २७.६३ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २३.८७ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ४८.४९ प्रतिशतले कुनै पनि काम नगरेको देखिन्छ। १० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक काम नगर्ने व्यक्तिहरू मध्ये पुरूष १७.४४ प्रतिशत र महिला ३१.०५ प्रतिशत रहेका छन् । विस्तृत तलको तालिकामा दिइएको छ ।


**तालिका नं. ९ : आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्या वितरण**

(१० वर्ष वा सो भन्दा बढी)

| सङ्ख्या /प्रतिशत | जम्मा | ६ महिना वा सो भन्दा बढीकाम गरेको | ३ देखि ६ महिना काम गरेको | ३ महिना भन्दा कम काम गरेको | कुनैपनि आर्थिक काम नगरेको |
|---|---|---|---|---|---|
| जम्मा | ३५०४३ | ९६८४ | ४३४८ | ४०१८ | १६९९३ |
| प्रतिशत | १००% | २७.६३% | १२.४१% | ११.४७% | ४८.४९% |
| पुरुष | १७५५७ | ७८१७ | १८८५ | १७४४ | ६१११ |
| प्रतिशत | ५०.१०% | २२.३१% | ५.३८% | ४.९८% | १७.४४% |
| महिला | १७४८६ | १८६७ | २४६३ | २२७४ | १०८८२ |
| प्रतिशत | ४९.९०% | ५.३३% | ७.०३% | ६.४९% | ३१.०५% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ९ : आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्या वितरण प्रतिशतमा** (१० वर्ष वा सो भन्दा बढी)




वैदेशीक रोजगारका लागि भारत, खाडी मुलुक, जापान, कोरिया, अमेरिकन र युरोपियन देशहरूमा जाने चलन बढ्दै गएको छ। यस्तो किसिमको वैदेशीक रोजगारले ग्रामीण जनताहरूको आर्थिक


जीवन स्तरमा सकारात्मक प्रभाव पार्दै गएको छ । यस गाउँपालिकाका ७ हजार ५ सय २६ परिवार सङ्ख्या रहेकोमा कम्तिमा १ जना विदेश हुने परिवार १४.२४ प्रतिशत रहेको देखिन्छ । १ हजार ७२ परिवारहरू बाट १ हजार २ सय ११ जना सदस्य परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेको देखिन्छ, जसमध्ये पुरूष १,१८० जना (२.७२ प्रतिशत) र महिला ३१ जना (0.0७ प्रतिशत) रहेका छन् ।

**तालिका नं.१० : परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोवास गर्ने सङ्ख्या)**

| परिवार सङ्ख्या | कम्तिमा १ जना विदेश हुने परिवार सङ्ख्या | प्रतिशत | जम्मा जनसङ्ख्या | अनुपस्थित जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | | पुरूष | | महिला | |
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **रोहिणी गाउँपालिका** | | | | | | | | | |
| ७५२६ | १०७२ | १४.२४% | ४३३२७ | १२११ | २.८०% | ११८० | २.७२% | ३१ | ०.०७% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. १० : राष्ट्रिय जनगणना २०७८ अनुसार परिवारमा अनुपस्थित पुरूष र महिलाको प्रतिशत**




माथि उल्लेख गरिएको आर्थिक क्रियाकलापहरूको अलवा प्रभावित क्षेत्रका धेरै जसो मानिसहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाणगङ्गा नदीबाट ढुङ्गा, मिस्कट र बालुवाको सङ्कलन तथा निकासी कार्यमा पनि सङ्लग्न रहेका छन् । ज्यालादरलाई हेर्दा प्रस्ताव प्रभावित क्षेत्रमा बसोबास गर्ने मानिसहरूले लिने ज्याला कामको प्रकृति मौसम अनुसार फरक-फरक रहेको छ । स्थानीय

सरोकारवालाहरूको छलफलबाट यहाँका मजदुरहरूले प्रतिदिन ज्यालादर रू. ५०० देखि १००० सम्म रहेको पाइयो । यसमा पनि सिकर्मी, डकर्मी तथा ड्राइभिङ्गहरूले बढी ज्याला लिने गरेका छन् ।

## ३.८ बसाईसराई सम्बन्धी विवरण


प्रस्ताव प्रभावित क्षेत्रमा राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाका जम्मा जनसङ्ख्या मध्ये नेपालभित्र जन्मेका ८८.८१ प्रतिशत, विदेशमा जन्मेका ११.१७ प्रतिशत रहेका छन् । नेपाल भित्र जन्मेका मध्ये सोही जिल्लाको यहि पालिकामा जन्मेका कुल जनसङ्ख्याको ७७.५० प्रतिशत र अर्को पालिकामा जन्मेका ६.५० प्रतिशत छन् भने अर्को जिल्लामा जन्मेका ४.८१ प्रतिशत रहेका छन् । उल्लेखित जन्मस्थान हेर्दा पुरूष भन्दा महिलाको अर्को पालिका वा जिल्ला वा बिदेशमा जन्मेका बढी रहेका छन् । समग्रमा बसोबास गरेको भन्दा फरक गाउँपालिका वा नगरपालिका वा बिदेश जन्मस्थान हुने महिलाको सङ्ख्या पुरूषको तुलनामा अधिक रहेको छ। विस्तृत विवरण तलको तालिका मा दिइएको छ ।

**तालिका नं. ११ : गाउँपालिकाको जन्मस्थानको आधारमा जनसङ्ख्या**

| पुरूष/ महिला | जम्मा जनसङ्ख्या | नेपाल भित्र जन्मेको | यहि जिल्लामा जन्मेको | | | अर्को जिल्लामा जन्मेको | बिदेशमा जन्मेको | जन्म स्थान नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | यहि पालिकामा | अर्को पालिकामा | | | |
| **जम्मा** | ४३३२७ | ३८४७९ | ३६३९५ | ३३५७७ | २८१८ | २०८४ | ४८३९ | ९ |
| **प्रतिशत** | १००% | ८८.८१% | ८४.००% | ७७.५०% | ६.५०% | ४.८१% | ११.१७% | ०.०२% |
| **पुरूष** | २१८६५ | २१६५० | २१४९९ | २१३२१ | १७८ | १५१ | २०९ | ६ |
| **प्रतिशत** | ५०.४७% | ४९.९७% | ४९.६२% | ४९.२१% | ०.४१% | ०.३५% | ०.४८% | ०.०१% |
| **महिला** | २१४६२ | १६८२९ | १४८९६ | १२२५६ | २६४० | १९३३ | ४६३० | ३ |
| **प्रतिशत** | ४९.५३% | ३८.८४% | ३४.३८% | २८.२९% | ६.०९% | ४.४६% | १०.६९% | ०.०१% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ११ : गाउँपालिकाको जन्मस्थानको आधारमा जनसङ्ख्या प्रतिशतमा**




## ३.९ खानेपानी तथा स्वास्थ्यको स्थिति


खानेपानी तथा सरसफाई स्वास्थ्य सँग प्रत्यक्ष सरोकार रहेको विषय हो । स्वास्थ्य जीवन जीवनका लागि यी तत्वको निकै महत्व रहेको हुन्छ, यस बारेमा सचेत रहनु पर्दछ । खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रूपमा असर गर्ने गर्दछ, तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ । २०७८ को राष्ट्रिय जनगणनाको प्राप्त नतिजा अनुसार गाउँपालिकामा कूल ७,५२६ परिवार मध्ये खानेपानीको मुख्य स्रोतको रूपमा धारा/पाइप (घरपरिसर भित्र) प्रयोग गर्ने २९.६२ प्रतिशत र धारा/पाइप (घरपरिसर बाहिर) १५.९६ प्रतिशत, ट्युववेल/हाते पम्प ५२.३९ प्रतिशत, मूलधारा १.५१ प्रतिशत र जार/बोतल ०.०४ प्रतिशत परिवार रहेका छन्। बाँकी अन्य रहेका छन्। वडा अनुसार हेर्दा वडा नं. ५ र ६ सबैभन्दा बढी ट्युववेल/हातेपम्प तथा वडा नं. ७ र ४ मा धारा/पाइप (घरपरिसर भित्र) खानेपानीको मुख्य स्रोतको रूपमा प्रयोग गर्ने परिवार रहेको छन् । वडागत रूपमा विभिन्न खानेपानीको स्रोत प्रयोग गर्ने परिवार सङ्ख्या तालिकामा दिइएको छ ।

## तालिका नं.१२ : खानेपानीको मुख्य स्रोत अनुसार परिवार सङ्ख्या

| वडा नं. | सङ्ख्या /प्रतिशत | जम्मा परिवार सङ्ख्या | पिउनेपानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धारा/पाइप (घर परिसर भित्र) | धारा/पाइप (घर परिसर बाहिर) | ट्युबवेल/हातेपम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूलधारा | नदी/खोला | जार /बोतल | अन्य |
| १ | सङ्ख्या | १०३२ | १२० | २४३ | ५८५ | ० | ० | ८३ | ० | १ | ० |
| | प्रतिशत | १००% | ११.६३% | २३.५५% | ५६.६९% | ०.००% | ०.००% | ८.०४% | ०.००% | ०.१०% | ०.००% |
| २ | सङ्ख्या | १२८८ | १८३ | १४६ | ९४९ | ० | ० | १ | ० | ० | ९ |
| | प्रतिशत | १००% | १४.२१% | ११.३४% | ७३.६८% | ०.००% | ०.००% | ०.०८% | ०.००% | ०.००% | ०.७०% |
| ३ | सङ्ख्या | १५२७ | ६२५ | ५४२ | ३१६ | ३ | ६ | २९ | ० | २ | ४ |
| | प्रतिशत | १००% | ४०.९३% | ३५.४९% | २०.६९% | ०.२०% | ०.३९% | १.९०% | ०.००% | ०.१३% | ०.२६% |
| ४ | सङ्ख्या | १०९५ | ६९६ | १५३ | २३९ | ० | ० | ० | ० | ० | ७ |
| | प्रतिशत | १००% | ६३.५६% | १३.९७% | २१.८३% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.६४% |
| ५ | सङ्ख्या | ८३६ | ४ | ६ | ८२३ | ० | ० | १ | ० | ० | २ |
| | प्रतिशत | १००% | ०.४८% | ०.७२% | ९८.४४% | ०.००% | ०.००% | ०.१२% | ०.००% | ०.००% | ०.२४% |
| ६ | सङ्ख्या | ८८९ | २१ | १७ | ८४९ | ० | ० | ० | ० | ० | २ |
| | प्रतिशत | १००% | २.३६% | १.९१% | ९५.५०% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.२२% |
| ७ | सङ्ख्या | ८५९ | ५८० | ९४ | १८२ | ० | १ | ० | ० | ० | २ |
| | प्रतिशत | १००% | ६७.५२% | १०.९४% | २१.१९% | ०.००% | ०.१२% | ०.००% | ०.००% | ०.००% | ०.२३% |
| रोहिणी गा.पा. | सङ्ख्या | ७५२६ | २२२९ | १२०१ | ३९४३ | ३ | ७ | ११४ | ० | ३ | २६ |
| | प्रतिशत | १००% | २९.६२% | १५.९६% | ५२.३९% | ०.०४% | ०.०९% | १.५१% | ०.००% | ०.०४% | ०.३५% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. १२ : गाउँपालिकामा खानेपानीको मुख्य स्रोत अनुसार परिवार प्रतिशतमा**




खानेपानीको गुणस्तर सबै ठाउँमा समान छैन । कतिपय क्षेत्रमा फलाम र आर्सेनिकको मात्रा बढी देखिएको छ । पानी शुद्धीकरणका लागि स्थानीय तथा सरकारी तहबाट प्रयास भइरहेको छ । गाउँपालिकाले विभिन्न खानेपानी आयोजना सञ्चालनमा ल्याएको छ। सामुदायिक खानेपानी योजना अन्तर्गत पानीको उचित वितरणका लागि काम भइरहेको छ। पानी शुद्धीकरणका लागि जनचेतना कार्यक्रम तथा आधुनिक प्रविधिको प्रयोग भैरहेको छ। गाउँपालिकाले खानेपानीको अभाव समाधान गर्न दीर्घकालीन योजनाहरूमा जोड दिइरहेको छ। पानीका स्रोतको उचित व्यवस्थापन र गुणस्तरीय पानीको आपूर्ति स्थानीय समुदायको जीवनस्तर उकास्न महत्वपूर्ण हुनेछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नीति अनुसार जिल्लामा स्वास्थ्य सेवाका योजना, कार्यक्रम सञ्चालन, अनुगमन गरी गुणस्तरीय स्वास्थ्य प्रदान गर्न मुख्य जिल्ला स्तरिय निकायका रूपमा स्वास्थ्य कार्यालय रहेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य नीति, कार्यक्रम र स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने यस कार्यालयका मूख्य जिम्मेवारी र दायित्व हो। यस कार्यालयले सरकारी स्वास्थ्य संस्था मार्फत स्वास्थ्य सेवा सञ्चालनको अतिरिक्त स्वास्थ्य सेवा सञ्चालन गर्न अन्य गैर सरकारी स्वास्थ्य क्लिनिक, पोली क्लिनिक, अस्पतालहरूको समेत सञ्चालन अनुमति दिने, अनुगमन गर्ने र नियमन गर्ने कार्य समेत गर्ने गर्दछ। यस कार्यालयबाट मुख्यत: स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाइहरू मार्फत विरामी जाँच, नवजात शिशु तथा बाल रोगका एकीकृत व्यवस्थापन, पोषण कार्यक्रम, सुरक्षित मातृत्व, क्षयरोग, कुष्ठरोग, एच. आई.भी.एड्स कार्यक्रम जस्ता जनस्वास्थ्य कार्यक्रमहरू, खोप क्लिनिकबाट

खोप सेवा, गाउँघर क्लिनिकबाट तोकिएका सेवाहरू तथा समुदाय स्तरमा स्वास्थ्य जनचेतना तथा आधारभूत स्वास्थ्य सेवाहरू महिला स्वास्थ्य स्वयंसेविका मार्फत प्रवाह गर्ने गरिन्छ । प्रस्ताव प्रभावित क्षेत्रमा अझै पनि उपचारमा परम्परागत पद्धति जस्तै धामी झाक्रीको प्रचलन रहेको छ । यस गाउँपालिका भित्र बस्ने अधिकांश घरपरिवारहरूले विरामी हुँदा स्वास्थ्य चौकीको सेवामा निर्भर रहेका हुन्छन् । गाउँपालिका भित्र रहेका सामुदायिक अस्पताल र प्राइभेट किल्नीक तथा अस्पतालहरूले पनि स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यहाँका मानिसहरू जटिल किसिमको स्वास्थ्य समस्या भएमा उपचारका लागि बुटवल, भैरहवा, पाल्पा, चितवन र काठमाडौं सम्म जाने गर्दछन् ।

## ३.१० यातायात र पहुँच मार्ग/निकासी मार्ग

प्रस्ताव प्रभावित क्षेत्रमा शिद्धार्थ राजमार्गसगँ जोडिएकोले यहाँबाट दैनिक रूपमा यातायातका साधनहरूको आवतजावत हुने गरेको छ। प्रस्ताव प्रभावित क्षेत्रमा स्थानीय सडकमार्गसगँ जोडिएकोले यहाँबाट दैनिक रूपमा यातायातका साधनहरूको आवतजावत हुने गरेको छ। प्रभावित क्षेत्रबाट बुटवल, भैरहवा सम्म मानिस, वस्तु तथा सेवाहरूको आवतजावत सहज भएको छ। भित्री सडक केही कच्ची भएकोले ठाउँ-ठाउँमा साँगुरो र विभिन्न स्थानमा मर्मत गर्नुपर्ने स्थितिमा रहेको छ।

## ३.११ धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थल

प्रस्ताव प्रभावित क्षेत्र बुद्धकालीन इतिहाससँग जोडिएको रोहिणी नदी, धार्मिक तथा ऐतिहासिक महत्त्व भएको स्थल धकधई बजार, शिव मन्दिर, सतीया देवी मन्दिर जस्ता महत्वपूर्ण स्थलहरू रहेका छन् ।

## ३.१२ सामुदायिक वन उपभोक्ता समूह

ग्रामीण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याउने कृषि देखि लिएर जलस्रोत, पर्यटन आदिको विकासमा वन क्षेत्रले महत्वपूर्ण अवसरहरूको सृजना गरेको हुन्छ । तर बढ्दो जनसङ्ख्या र अरू वैकल्पिक व्यवस्थाहरूको अभावमा वन क्षेत्रमा चाप बढी रहेको छ जसले गर्दा वन जङ्गलको विनाश, भू-क्षय, जैविक विविधतामा ह्रास जस्ता पर्यावरणीय प्रतिकुलताहरू बढ्दै गएको छ।
प्रस्ताव प्रभावित क्षेत्र रोहिणी गाउँपालिकाको क्षेत्रफल ६४.६२ वर्ग कि.मि. मा २७.८९ हेक्टर अथार्त ०.४३ प्रतिशत वन क्षेत्रले ढाकेको छ । वन सम्पदा खुला सम्पती भएकाले यसको संरक्षण स्थानिय बासिन्दाको सकृय सहभागिता बिना सम्भव छैन भन्ने कुरालाई आत्मसात गर्दै वन सम्पदाको संरक्षण, व्यवस्थापन र सदुपयोगका लागि स्थानिय जनतालाई सुम्पने कार्यको थालनी भएको हो । प्रस्ताव प्रभावित क्षेत्र रोहिण गाउँपालिकामा २७.८९ हेक्टर भू-भाग वन क्षेत्र रहेकोमा १ वटा सामुदायिक वन रहेको छ ।


### ३.१३ खेत तथा सिँचाइ सुविधा

रोहिणी नदीबाट सिचाइ आयेजनाहरू समेत रहेका छन्। तर नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् गर्ने क्षेत्र सम्ममा सिचाइका आयोजना, बाध तथा कुलाहरू रहेको पाइएन्।


### ३.१४ सूचना तथा सञ्चार

प्रस्ताव प्रभावित क्षेत्रमा हुलाक, टेलिफोन, कम्प्युटर, टेलिभिजन, इन्टरनेट जस्ता आधुनिक सञ्चार तथा सूचनाका साधनहरूको उपलब्धता रहेको पाइयो। रोहिणी गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणनामा २.५१ प्रतिशत परिवारहरूमा उल्लिखित कुनै पनि साधन/सुविधाहरू उपलब्ध नभएको पाइयो भने ९७.४९ प्रतिशत परिवारमा कम्तिमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाइएको छ। साधारण मोबाइल फोन हुने र स्मार्ट मोबाइल फोन हुने परिवारको सङ्ख्या क्रमशः ८२.२३ प्रतिशत र ६६.५० प्रतिशत देखिएको छ। नतिजा अनुसार ५१.७१ प्रतिशतमा टेलिभिजन, १६.१५ प्रतिशतमा इन्टरनेट सुविधा, ८८.१६ प्रतिशतमा साइकल उपलब्ध रहेको देखिन्छ। यसैगरी वडामा कुनै पनि साधारण सुविधा उपलब्ध नभएको परिवार सबैभन्दा बढी वडा नं. ७ मा ५.०१ प्रतिशत र कम वडा नं. १ मा १.३६ प्रतिशत रहेको छ । अन्य विस्तृत विवरण तलको तालिकामा दिइएको छ।


**रेखाचित्र नं. १३ : वडा अनुसार कुनै पनि साधारण सुविधा उपलब्ध नभएको परिवार प्रतिशतमा**



रेखाचित्र नं. १४ : वडा अनुसार साधारण मोबाइल फोन हुने र स्मार्ट मोबाइल फोन हुने परिवारका प्रतिशत




रेखाचित्र नं. १५ : वडा अनुसार इन्टरनेटको सुविधा प्रयोग गर्ने परिवार प्रतिशतमा



## तालिका नं. १३ : घरायसी साधन/सुविधा अनुसारको परिवार सङ्ख्या

| विवरण | | सङ्ख्या /प्रतिशत | वार्ड नं. १ | वार्ड नं. २ | वार्ड नं. ३ | वार्ड नं. ४ | वार्ड नं. ५ | वार्ड नं. ६ | वार्ड नं. ७ | रोहिणी गा.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा परिवार** | | सङ्ख्या | १०३२ | १२८८ | १५२७ | १०९५ | ८३६ | ८८९ | ८५९ | ७५२६ |
| **कुनै सुबिधा नभएको परिवार** | | सङ्ख्या | १४ | २९ | २८ | २२ | ३१ | २२ | ४३ | १८९ |
| | | प्रतिशत | १.३६% | २.२५% | १.८३% | २.०१% | ३.७१% | २.४७% | ५.०१% | २.५१% |
| **कम्तिमा एक सुबिधा भएको परिवार** | | सङ्ख्या | १०१८ | १२५९ | १४९९ | १०७३ | ८०५ | ८६७ | ८१६ | ७३३७ |
| | | प्रतिशत | ९८.६४% | ९७.७५% | ९८.१७% | ९७.९९% | ९६.२९% | ९७.५३% | ९४.९९% | ९७.४९% |
| **घरायसी सुविधाका साधनहरु** | **रेडियो सुविधा** | सङ्ख्या | २८ | २४५ | १३० | १२५ | ३५ | २७६ | २८४ | ११२३ |
| | | प्रतिशत | २.७५% | १९.४६% | ८.६७% | ११.६५% | ४.३५% | ३१.८३% | ३४.८०% | १५.३१% |
| | **टेलिभिजन** | सङ्ख्या | ५३७ | ५९१ | ९३१ | ५७३ | ३९३ | ३४९ | ४२० | ३७९४ |
| | | प्रतिशत | ५२.७५% | ४६.९४% | ६२.११% | ५३.४०% | ४८.८२% | ४०.२५% | ५१.४७% | ५१.७१% |
| | **ल्याण्डलाइन टेलिफोन** | सङ्ख्या | ५ | ४८ | २१ | ४ | ३ | १ | ४ | ८६ |
| | | प्रतिशत | ०.४९% | ३.८१% | १.४०% | ०.३७% | ०.३७% | ०.१२% | ०.४९% | १.१७% |
| | **मोबाइल फोन (साधारण)** | सङ्ख्या | ७४६ | १०३० | १२२६ | ९२३ | ६८४ | ७४९ | ६७५ | ६०३३ |
| | | प्रतिशत | ७३.२८% | ८१.८१% | ८१.७९% | ८६.०२% | ८४.९७% | ८६.३९% | ८२.७२% | ८२.२३% |
| | **स्मार्ट मोबाइल फोन** | सङ्ख्या | ७५० | ९८५ | १०५९ | ६४३ | ४२१ | ५८० | ४४१ | ४८७९ |
| | | प्रतिशत | ७३.६७% | ७८.२४% | ७०.६५% | ५९.९३% | ५२.३०% | ६६.९०% | ५४.०४% | ६६.५०% |
| | **कम्प्युटर/ल्यापटप** | सङ्ख्या | ४६ | ६२ | १८४ | ८१ | २० | २६ | १४ | ४३३ |
| | | प्रतिशत | ४.५२% | ४.९२% | १२.२७% | ७.५५% | २.४८% | ३.००% | १.७२% | ५.९०% |


| विवरण | | सङ्ख्या /प्रतिशत | वार्ड नं. १ | वार्ड नं. २ | वार्ड नं. ३ | वार्ड नं. ४ | वार्ड नं. ५ | वार्ड नं. ६ | वार्ड नं. ७ | रोहिणी गा.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **इन्टरनेट सुविधा** | सङ्ख्या | ६८ | १२२ | ३९९ | ९१ | ६६ | २०८ | २३१ | ११८५ |
| | | प्रतिशत | ६.६८% | ९.६९% | २६.६२% | ८.४८% | ८.२०% | २३.९९% | २८.३१% | १६.१५% |
| | **कार/जीप/भ्यान** | सङ्ख्या | ११ | १४ | ३६ | २४ | ५ | १ | ८ | ९९ |
| | | प्रतिशत | १.०८% | १.११% | २.४०% | २.२४% | ०.६२% | ०.१२% | ०.९८% | १.३५% |
| | **मोटरसाइकल/स्कुटर** | सङ्ख्या | ४३२ | ५७४ | ७५१ | ४७४ | ३६१ | ३५७ | ३९० | ३३३९ |
| | | प्रतिशत | ४१.८६% | ४४.५७% | ४९.१८% | ४३.२९% | ४३.१८% | ४०.१६% | ४५.४०% | ४४.३७% |
| | **साइकल** | सङ्ख्या | ८९४ | ११४४ | १२२६ | ९४८ | ७३५ | ७७३ | ७४८ | ६४६८ |
| | | प्रतिशत | ८७.८२% | ९०.८७% | ८१.७९% | ८८.३५% | ९१.३०% | ८९.१६% | ९१.६७% | ८८.१६% |
| | **विद्युतीय पंखा** | सङ्ख्या | ८९२ | १०९३ | १३१६ | ९७४ | ६८० | ७२८ | ६७५ | ६३५८ |
| | | प्रतिशत | ८७.६२% | ८६.८१% | ८७.७९% | ९०.७७% | ८४.४७% | ८३.९७% | ८२.७२% | ८६.६६% |
| | **रेफ्रिजरेटर** | सङ्ख्या | २६० | १८९ | ४४४ | १८७ | ७० | १२३ | १३८ | १४११ |
| | | प्रतिशत | २५.५४% | १५.०१% | २९.६२% | १७.४३% | ८.७०% | १४.१९% | १६.९१% | १९.२३% |
| | **वासिङ मेशिन** | सङ्ख्या | ७२ | ४४ | ८३ | २१ | ७ | १८ | २४ | २६९ |
| | | प्रतिशत | ७.०७% | ३.४९% | ५.५४% | १.९६% | ०.८७% | २.०८% | २.९४% | ३.६७% |
| | **एयर कन्डिसनर** | सङ्ख्या | १७ | ४ | २८ | १९ | १० | १ | ० | ७९ |
| | | प्रतिशत | १.६७% | ०.३२% | १.८७% | १.७७% | १.२४% | ०.१२% | ०.००% | १.०८% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

## ३.१५ बिद्युत् तथा उर्जा

प्रस्ताव प्रभावित वडा तथा क्षेत्रमा बिद्युत् सेवा पुगेको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजाले गाउँपालिकामा कूल परिवार मध्ये आधाभन्दा बढी (६१.४८ प्रतिशत) परिवारले खाना पकाउन अक्सर एल.पि.ग्याँस प्रयोग गर्ने गरेको देखाएको छ । खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने परिवार ३३.०७ प्रतिशत रहेको छ । गुइठा/गोवर प्रयोग गर्ने परिवार ४.७६ प्रतिशत, विजुली प्रयोग गर्ने परिवार ०.१६ प्रतिशत, बायोग्याँस प्रयोग गर्ने परिवार ०.१२ प्रतिशत रहेको छ भने बाँकी अन्य रहेको छ। वडामा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन हेर्दा सबैभन्दा बढी एल.पि.ग्याँस प्रयोग गर्ने परिवार वडा नं. ३ मा र कम वडा नं. ६ मा रहेका छन् । यसै गरी खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने परिवार सबैभन्दा बढी वडा नं. १ र कम वडा नं. ५ मा रहेका छन् । खाना बनाउन अक्सर प्रयोग गरिएको इन्धन अनुसारको परिवार सङ्ख्या तलको तालिकामा दिइएको छ।

**रेखाचित्र नं. १६ : गाउँपालिकामा परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार सङ्ख्या प्रतिशतमा**



**तालिका नं. १४ : परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार सङ्ख्या**

| क्षेत्र | सङ्ख्या / प्रतिशत | जम्मा परिवार सङ्ख्या | खानापकाउने इन्धनको मुख्य श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | काठ/ दाउरा | एल.पी. ग्यास | बिजुली | गुइठा/ गोवर | बायो ग्यास | मटितेल | अन्य |
| रोहिणी गा.पा. | सङ्ख्या | ७५२६ | २४८९ | ४६२७ | १२ | ३५८ | ९ | १ | ३० |
| | प्रतिशत | १००% | ३३.०७% | ६१.४८% | ०.१६% | ४.७६% | ०.१२% | ०.०१% | ०.४०% |
| वडा नं. | | | | | | | | | |
| १ | सङ्ख्या | १०३२ | ४८९ | ५३४ | १ | ६ | १ | १ | ० |
| | प्रतिशत | १००% | ४७.३८% | ५१.७४% | ०.१०% | ०.५८% | ०.१०% | ०.१०% | ०.००% |
| २ | सङ्ख्या | १२८८ | ४०८ | ८३१ | ३ | ४६ | ० | ० | ० |
| | प्रतिशत | १००% | ३१.६८% | ६४.५२% | ०.२३% | ३.५७% | ०.००% | ०.००% | ०.००% |
| ३ | सङ्ख्या | १५२७ | ३७० | ११३९ | ० | १५ | ० | ० | ३ |
| | प्रतिशत | १००% | २४.२३% | ७४.५९% | ०.००% | ०.९८% | ०.००% | ०.००% | ०.२०% |
| ४ | सङ्ख्या | १०९५ | ४३६ | ६४० | १ | १३ | ३ | ० | २ |
| | प्रतिशत | १००% | ३९.८२% | ५८.४५% | ०.०९% | १.१९% | ०.२७% | ०.००% | ०.१८% |
| ५ | सङ्ख्या | ८३६ | १९८ | ५२३ | २ | ९४ | २ | ० | १७ |
| | प्रतिशत | १००% | २३.६८% | ६२.५६% | ०.२४% | ११.२४% | ०.२४% | ०.००% | २.०३% |
| ६ | सङ्ख्या | ८८९ | २६८ | ४४१ | २ | १७१ | १ | ० | ६ |
| | प्रतिशत | १००% | ३०.१५% | ४९.६१% | ०.२२% | १९.२४% | ०.११% | ०.००% | ०.६७% |
| ७ | सङ्ख्या | ८५९ | ३२० | ५१९ | ३ | १३ | २ | ० | २ |
| | प्रतिशत | १००% | ३७.२५% | ६०.४२% | ०.३५% | १.५१% | ०.२३% | ०.००% | ०.२३% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

## ३.१६ परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गाउँपालिकाका लगभग धेरैजसो (९६.७२ प्रतिशत) परिवारहरूले आफू बसोबास गरेको घर/आवासीय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। बत्ती बाल्नका लागि अक्सर अन्य इन्धन प्रयोग गर्ने परिवार न्यून रहेको छ। वडागत विस्तृत विवरण तलको तालिकामा दिइएको छ।


**तालिका नं. १५ : बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार सङ्ख्या**

| क्षेत्र | सङ्ख्या /प्रतिशत | जम्मा परिवार सङ्ख्या | बत्तीबाल्न प्रयोग गरिने इन्धनको मुख्य श्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बिजुली | सोलार/ सौर्य उर्जा | मट्टितेल | बायोग्यास | अन्य |
| रोहिणी गा.पा. | सङ्ख्या | ७५२६ | ७२७९ | ७२ | १४७ | ५ | २३ |
| | प्रतिशत | १००% | ९६.७२% | ०.९६% | १.९५% | ०.०७% | ०.३१% |

| क्षेत्र | सङ्ख्या /प्रतिशत | जम्मा परिवार सङ्ख्या | बत्तीबाल्न प्रयोग गरिने इन्धनको मुख्य श्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बिजुली | सोलार/ सौर्य उर्जा | मट्टितेल | बायोग्यास | अन्य |
| वडा नं. | | | | | | | |
| १ | सङ्ख्या | १०३२ | ९८७ | १४ | २९ | ० | २ |
| | प्रतिशत | १००% | ९५.६४% | १.३६% | २.८१% | ०.००% | ०.१९% |
| २ | सङ्ख्या | १२८८ | १२६० | ७ | १७ | २ | २ |
| | प्रतिशत | १००% | ९७.८३% | ०.५४% | १.३२% | ०.१६% | ०.१६% |
| ३ | सङ्ख्या | १५२७ | १४९१ | १६ | ७ | ० | १३ |
| | प्रतिशत | १००% | ९७.६४% | १.०५% | ०.४६% | ०.००% | ०.८५% |
| ४ | सङ्ख्या | १०९५ | १०७५ | १ | १८ | ० | १ |
| | प्रतिशत | १००% | ९८.१७% | ०.०९% | १.६४% | ०.००% | ०.०९% |
| ५ | सङ्ख्या | ८३६ | ७९५ | ११ | २६ | ० | ४ |
| | प्रतिशत | १००% | ९५.१०% | १.३२% | ३.११% | ०.००% | ०.४८% |
| ६ | सङ्ख्या | ८८९ | ८४७ | १३ | २६ | ३ | ० |
| | प्रतिशत | १००% | ९५.२८% | १.४६% | २.९२% | ०.३४% | ०.००% |
| ७ | सङ्ख्या | ८५९ | ८२४ | १० | २४ | ० | १ |
| | प्रतिशत | १००% | ९५.९३% | १.१६% | २.७९% | ०.००% | ०.१२% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. १७ : गाउँपालिकामा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार प्रतिशतमा**




## ३.१७ पारिवारिक विवरण र घरको स्वामित्व

रोहिणी गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार परिवारले आवासीय हैसियतमा प्रयोग गरिरहेको घरको स्वामित्व हेर्दाकुल ७,५२६ परिवार मध्ये ९७.८२ प्रतिशत परिवारहरू आफ्नै


स्वामित्वका आवासीय एकाइमा बसोबास गरिरहेको देखिन्छ भने १.७३ प्रतिशत परिवारहरू भाडामा लिइएको आवासीय एकाइमा बसिरहेको देखिन्छ । ०.२० प्रतिशत परिवारहरू संस्थागत एकाइमा अर्थात् तिनीहरू कुनै संस्थाले प्रयोग गर्न दिएको आवासीय एकाइमा र ०.२५ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको एकाइमा बसोबास गरेको देखिन्छ । वडागत रूपमा हेर्दा सबैभन्दा बढी वडा नं ७ मा ९९.१९ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेको देखिन्छ भने सबैभन्दा कम वडा नं ३ मा ९४.५६ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेको देखिन्छ । भाडामा बसोबास गर्ने परिवारको सङ्ख्या सबैभन्दा बढी वडा नं ३ मा ५.०४ प्रतिशत छ भने सबैभन्दा कम वडा नं. ५ मा ०.३६ प्रतिशत रहेको छ । अन्य विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १६ : घरको स्वामित्व अनुसार परिवार सङ्ख्या**

| **क्षेत्र** | **सङ्ख्या /प्रतिशत** | **जम्मा परिवार सङ्ख्या** | **घरको स्वामित्त्व** | | | |
|---|---|---|---|---|---|---|
| | | | **आफ्नै** | **भाडामा** | **संस्थागत** | **अन्य** |
| रोहिणी गा.पा. | सङ्ख्या | ७५२६ | ७३६२ | १३० | १५ | १९ |
| | प्रतिशत | १००% | ९७.८२% | १.७३% | ०.२०% | ०.२५% |
| **वडा नं.** | | | | | | |
| १ | सङ्ख्या | १०३२ | १०१५ | ११ | ४ | २ |
| | प्रतिशत | १००% | ९८.३५% | १.०७% | ०.३९% | ०.१९% |
| २ | सङ्ख्या | १२८८ | १२६५ | १२ | १ | १० |
| | प्रतिशत | १००% | ९८.२१% | ०.९३% | ०.०८% | ०.७८% |
| ३ | सङ्ख्या | १५२७ | १४४४ | ७७ | ३ | ३ |
| | प्रतिशत | १००% | ९४.५६% | ५.०४% | ०.२०% | ०.२०% |
| ४ | सङ्ख्या | १०९५ | १०८० | १३ | १ | १ |
| | प्रतिशत | १००% | ९८.६३% | १.१९% | ०.०९% | ०.०९% |
| ५ | सङ्ख्या | ८३६ | ८२६ | ३ | ५ | २ |
| | प्रतिशत | १००% | ९८.८०% | ०.३६% | ०.६०% | ०.२४% |
| ६ | सङ्ख्या | ८८९ | ८८० | ९ | ० | ० |
| | प्रतिशत | १००% | ९८.९९% | १.०१% | ०.००% | ०.००% |
| ७ | सङ्ख्या | ८५९ | ८५२ | ५ | १ | १ |
| | प्रतिशत | १००% | ९९.१९% | ०.५८% | ०.१२% | ०.१२% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

रेखाचित्र नं. १८ : गाउँपालिकामा घरको स्वामित्व अनुसारको परिवार




## ३.१८ बजार तथा खुद्रा व्यवसाय

प्रभावित क्षेत्रमा स-साना खुद्रा पसल, चिया पसल, आदिको व्यापार व्यवसाय भएको देखिन्छ । अन्य बजारको लागि नजिकै रहेको धकधई, बगाहा, पोखरभिण्डी बजार जाने गरेका छन् । जसले स्थानीय वासिन्दाहरूलाई सेवा-सुविधा प्रदान गरेका छन ।

# परिच्छेद चार  प्रमुख जोखिमहरूको प्रभाव

## ४.१ बाढी तथा डुबान जोखिम

- मनसुनमा स्थानीय नदी-नाला तथा वर्षात्को पानीका कारण तलतिरका बस्तीहरू डुबानमा पर्न सक्ने,
- खेतबारीमा अन्नबालीको क्षति र
- बाढी प्रवाहले बाटो, सिँचाइ कुलो र खानेपानी संरचना क्षतिग्रस्त हुने

### ४.१.२ आगलागी जोखिम

- सुख्खा मौसम र हावाहुरीका कारण गाउँस्तरमा आगलागीको जोखिम र
- विद्युत् सर्ट, चुला, भान्सा तथा जङ्गल आगलागी प्रमुख कारण

### ४.१.३ हावाहुरी/डढेलो

- तराई क्षेत्रमा हावाहुरीको प्रभाव उच्च
- कृषि संरचना तथा बस्तीमा क्षति

### ४.१.४ महामारी/स्वास्थ्य जोखिम

- डेंगी, हैजा, विभिन्न सङ्क्रामक रोगहरूको सम्भावना
- स्वास्थ्य संस्थामा साधन-स्रोतको कमी

### ४.१.५ मानव-सृजित जोखिम

- सडक दुर्घटना
- पानी प्रदूषण तथा कृषि औषधिको दुरूपयोग
- आगलागी, वन/जङ्गल अतिक्रमण र सामुदायिक विवाद

## ४.२. जोखिम-नक्साङ्कन वडा-विभाजन

**तालिका नं. १७ जोखिम-नक्साङ्कन वडा-विभाजन अनुसार जोखिम स्तर**

| वडा नं. | प्रमुख जोखिम | जोखिम स्तर (उच्च/मध्यम/न्यून) | कैफियत |
|---|---|---|---|
| | बाढी, डुबान, हावाहुरी | उच्च | नदी-नाला नजिक |
| | डुबान, आगलागी | मध्यम | घनाबस्ती |
| | बाढी, कृषि क्षति | उच्च | तल्लो सतह |
| | आगलागी, सडक दुर्घटना | मध्यम | बजार क्षेत्र |
| | महामारी जोखिम | मध्यम | जनघनत्व बढी |
| | हावाहुरी, कृषि क्षति | मध्यम | खुला भूभाग |
| | बाढी, डढेलो | उच्च | सामान्य जङ्गल र नदी किनार |

#### ४.२.१ संवेदनशील समूह

- महिलाहरू
- बालबालिका
- ज्येष्ठ नागरिक
- अपाङ्गता भएका व्यक्ति
- गरिब तथा विपन्न परिवार
- अस्थायी/अवस्थायी बस्तीका परिवार

#### ४.२.२ क्षति सम्भाव्यता

- घरधुरी क्षतिः बाढी तथा आगलागीले वार्षिक रूपमा केही घरहरू प्रभावित
- कृषि क्षतिः धान, गहुँ, तरकारी तथा पशुपालनमा ठूलो असर
- पूर्वाधारः सडक, पुल, खानेपानी, सिँचाइ प्रणालीमा क्षति
- स्वास्थ्य महामारी तथा दिगो स्वास्थ्य सेवा अभाव

#### ४.२.३ जोखिम न्यूनीकरणका सुझावहरू

##### ४.२.३.१ संरचनागत उपायहरू

- तटबन्ध तथा ढल निकास प्रणाली सुधार
- बाढी जोखिमयुक्त क्षेत्रमा उठाउनुपर्ने संरचना
- सुरक्षित घर निर्माण प्रवर्द्धन
- गाउँ-स्तरमा आगलागी नियन्त्रण सामग्री स्थापना

##### ४.२.३.२ गैर-संरचनागत उपायहरू

- समुदायमा विपद् सम्बन्धी तालिम
- चेतना-प्रसार कार्यक्रम
- विद्यालय-स्तरको सुरक्षा शिक्षा योजना
- बाढी, आगलागी तथा महामारीका लागि प्रारम्भिक चेतावनी प्रणाली
- स्थानीय विपद् व्यवस्थापन समितिलाई सशक्तिकरण

##### ४.२.३.३ प्रकोपपछि तत्काल कार्ययोजना

- खोज तथा उद्धार टोली गठन
- सुरक्षित स्थान/शरणस्थलहरूको विकास
- स्वास्थ्य तथा औषधि व्यवस्थापन योजना
- खाद्यान्न तथा खानेपानी आपूर्ति योजना

### ४.३ सुधारका उपाय/योजना

#### ४.३.१ संरचनागत

- नदी तटबन्ध, ढल तथा डुबान सतर्कता संरचना

- अग्नि नियन्त्रण हाइड्रेन्ट, फायर ट्यांकर विस्तार
- विद्यालय-स्वास्थ्य चौकीका भवन मजबुतिकरण
- सिसिटिभी-ट्राफिक सेफ्टी उपाय
- सौर्य दिगो चेतावनी प्रणाली

### ४.३.२ गैर-संरचनागत

- समुदायमा आपतकालीन तालिम
- विद्यालयमा विपद् सम्बन्धी पाठ्यक्रम
- मौसम पूर्वानुमान सूचना प्रसार
- स्थानीय आपतकालीन कोष व्यवस्थापन
- कृषि-बीमा तथा विपद् बीमा विस्तार

### ४.३.३ आकस्मिक तयारी

- राहत सामग्री स्टक
- सुरक्षित स्थल निर्धारण एवम् चिन्हाङ्कन
- स्वयम्सेवक समूह गठन
- वडास्तरीय  स्वयमसेवक टोली

# परिच्छेद पाँच विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्ययोजना

विपद् जोखिम न्यूनीकरणका गतिविधिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न रोहिणी गाउँपालिकाले दिगो, सहभागी र बहुआयामिक कार्ययोजना आवश्यक रहेको छ । यस कार्ययोजनाले स्थानीय जनताको सुरक्षा, पूर्वतयारी, चाँडो प्रतिक्रिया र पुनर्स्थापनालाई प्राथमिकतामा राख्दै जोखिमलाई न्यूनतम बनाउने लक्ष्य राखेको छ । यसका लागि पहिलो चरणमा जोखिम पहिचान र अद्यावधिक गरिनेछ । जसअन्तर्गत भू-बहाव, डुबान, आगलागी, भूक्षय, सूखा तथा महामारीजस्ता सम्भावित जोखिमहरूको नक्साङ्कन, डेटा सङ्कलन र वर्गीकरण गरी जोखिम सूचकाङ्क तयार गरिनेछ । दोस्रो चरणमा पूर्वतयारी र क्षमतावृद्धिमा जोड दिइनेछ, जहाँ स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकाय, महिला समूह, युवाक्लब तथा सरोकारवालालाई तालिम, अभ्यास, प्रारम्भिक चेतावनी प्रणाली विकास तथा आवश्यक उपकरण व्यवस्थापन गरिनेछ ।

तेस्रो चरणमा प्रतिरोधात्मक संरचना निर्माण–जस्तै नदी तटबन्ध, नदीकटान, ढल निकास, कटान नियन्त्रण, वर्षा पानी व्यवस्थापन, सुरक्षित मार्ग निर्माण, आकाशे पानी सङ्कलन तथा जोखिमयुक्त क्षेत्रका घर-परिवारलाई क्रमबद्ध स्थानान्तरण कार्यक्रम अघि बढाइनेछ । चौथो चरणमा समुदाय स्तरको प्रतिकार क्षमता वृद्धि गर्दै विद्यालयहरूमा सार्वजनिक स्थानमा सूचना पाटी, समुदायमा स्थानीय विपद् व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । अन्तिम चरणमा शमन, प्रतिक्रिया र पुनर्स्थापना प्रणाली सुदृढ गरिने छ। जसअन्तर्गत द्रुत उद्धार टोली गठन, एम्बुलेन्स/फायरफाइटिङ् सेवा समन्वय, राहत वितरण मार्गदर्शन, क्षति-नोक्सानी मूल्याङ्कन प्रणाली तथा विपद् पश्चात् पुनर्निर्माणको दीर्घकालीन योजना बनाई संस्थागत रूपमा लागू गरिनेछ । कार्ययोजनाले गाउँपालिकालाई सुरक्षित, स्थायी र विपद् प्रतिरोधी बनाउँदै स्थानीय विकास प्रक्रिया निरन्तर सञ्चालन गर्न टेवा पुर्‍याउने अपेक्षा गरिएको छ ।

## ५.१ विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्ययोजना

### १. जोखिम पहिचान तथा विश्लेषण

**लक्ष्य :** सम्भावित सबै प्रकारका विपद् घटनाको पहिचान, नक्साङ्कन र जोखिम स्तर निर्धारण

**प्रमुख कार्यक्रम :**

- सबै प्रकारका विपद् (डुबान, भू-क्षय, आगलागी, आँधीहुरी, सूखा, महामारी आदि) को सूचीकरण
- विगतका घटनाको तथ्याङ्क सङ्कलन र समुदायमा परामर्श
- जोखिम नक्सा, संवेदनशीलता नक्सा, र जोखिम सूचकाङ्क तयारी
- जोखिम क्षेत्रको प्राथमिकता-क्रम निर्धारण

**समयावधि :** ३ महिना

**जिम्मेवारी:** गाउँपालिका र प्राविधिक शाखा

### २. पूर्वतयारी तथा क्षमतावृद्धि कार्यक्रम

**लक्ष्य:** समुदाय, विद्यालय, संस्थान तथा स्थानीय निकायलाई विपद् सामना गर्न सक्षम बनाउने

**प्रमुख कार्यक्रम :**

- स्थानीय विपद् व्यवस्थापन समितिको गठन तथा पुनर्गठन
- प्रारम्भिक चेतावनी प्रणालीको स्थापना
- तालिम कार्यक्रम
- प्रथम उपचार
- उद्धार तथा राहत व्यवस्थापन
- आगो निभाउने औजार प्रयोग
- विद्यालयस्तरीय ताालिम
- वार्षिक अभ्यास
- आपतकालीन सामग्रीको पूर्व-भण्डारण

**समयावधिः** वार्षिक निरन्तर

**जिम्मेवारीः** गाउँपालिका, सुरक्षा निकाय (नेपाल पुलिस/आर्मी), रेडक्रस, विद्यालयहरू

३. **संरचनागत कार्यहरू**

**लक्ष्यः** भौतिक संरचनामार्फत जोखिम न्यून गर्ने

**प्रमुख कार्यक्रम :**

- नदी कटान नियन्त्रण (ग्याबियन, तटबन्ध, स्पर)
- डुबानग्रस्त क्षेत्रमा ड्रेनेज/नाला सुधार
- पहिरो सम्भावित क्षेत्रमा बायोइन्जिनियरिङ (घाँस रोपाइँ, बाँस/पर्खाल सुदृढ)
- सुरक्षित पानी निकास प्रणाली निर्माण
- जोखिमयुक्त बस्ती पहिचान र स्वेच्छिक सार-स्थान कार्यक्रम
- समुदायमा आगलागी नियन्त्रणका हाइड्रेन्ट वा पानी ट्याङ्कीको व्यवस्था

**समयावधिः १-३ वर्ष**

**जिम्मेवारीः** गाउँपालिका, प्राविधिक शाखा, डिभिजन इन्जिनियरिङ् कार्यालय

४. **गैर-संरचनागत शमन कार्यहरू**

**लक्ष्यः** नीति, चेतना र व्यवस्थापन प्रणालीमार्फत जोखिम कम गर्ने

**प्रमुख कार्यक्रम :**

- स्थानीय विपद् व्यवस्थापन योजना तयार तथा अद्यावधिक
- विद्यालय सुरक्षा योजना
- भवन निर्माण संहिता कार्यान्वयनमा कडाई
- सार्वजनिक स्थलमा चेतना बोर्ड, संकेत चिह्न स्थापना
- रेडियो/एफएम, सामाजिक सञ्जालमार्फत चेतना प्रसार कार्यक्रम
- समुदायमा घरघरमा सुरक्षित सामान झोलाको प्रवर्द्धन

**समयावधिः** ६ महिना-निरन्तर

**जिम्मेवारीः** गाउँपालिका, विद्यालय, स्वास्थ्य शाखा, सञ्चार माध्यम

**५. प्रतिक्रिया तथा उद्धार-राहत व्यवस्था**

**लक्ष्यः** विपद् समयमा छिटो, समन्वित र प्रभावकारी उद्धार

**प्रमुख कार्यक्रम :**

- द्रुत प्रतिक्रिया टोली गठन
- उद्धारका सामग्री (रस्सी, स्ट्रेचर, हेल्मेट, ज्याकेट) उपलब्ध गराउने
- एम्बुलेन्स, फायर-फाइटिङ सेवा, सुरक्षा निकायसँग प्रत्यक्ष समन्वय कक्ष
- आपतकालीन सञ्चार व्यवस्था (विपद् सेट, मोबाईल समूह)
- राहत वितरणका मापदण्ड तथा प्रक्रिया स्पष्ट बनाउने

**समयावधिः** निरन्तर

**जिम्मेवारीः** गाउँपालिका, सुरक्षा निकाय, रेडक्रस

**६. पुनर्स्थापना तथा पुनर्निर्माण**

**लक्ष्यः** विपद् पछिको दिगो पुनःस्थापना

**प्रमुख कार्यक्रम :**

- क्षति-नोक्सानी मूल्याङ्कन
- अस्थायी आवास, सुरक्षित सरसफाइ, खानेपानी सुनिश्चितता
- कृषि, पशुपालन, व्यावसायिक गतिविधि पुनर्जीवन कार्यक्रम
- दीर्घकालीन पुनर्निर्माण योजना
- प्रभावित परिवारलाई मनोसामाजिक सहयोग

**समयावधिः** ६ महिना-३ वर्ष

**जिम्मेवारीः** गाउँपालिका, पुनर्निर्माण निकाय

**७. अनुगमन, मूल्याङ्कन र अद्यावधिक**

**लक्ष्यः** योजना कार्यान्वयनको प्रभावकारिता मापन

**प्रमुख कार्यक्रम :**

- त्रैमासिक अनुगमन बैठक
- वार्षिक प्रगति प्रतिवेदन
- योजना अद्यावधिक (नयाँ जोखिम, नयाँ तथ्याङ्क)
- समुदाय र सरोकारवालाको प्रतिक्रिया सङ्कलन

**समयावधिः** निरन्तर

**जिम्मेवारीः** गाउँपालिका, विपद् समिति


**तालिका नं. १८ : विपद् जोखिम न्यूनीकरण कार्ययोजना तालिका**

| क्र.सं. | कार्य क्षेत्र | मुख्य कार्यक्रमहरू | लक्ष्य/उद्देश्य | समयावधि | जिम्मेवारी संस्था |
|---|---|---|---|---|---|
| १. | जोखिम पहिचान तथा विश्लेषण | -विपद् प्रकारहरूको सूचीकरण<br>- तथ्याङ्क सङ्कलन (पहिलेका घटना)<br>- जोखिम, संवेदनशीलता र प्रभाव नक्साङ्कन<br>- जोखिम सूचकाङ्क विकास | जोखिमको वास्तविक अवस्था बुझ्ने तथा प्राथमिकता निर्धारण | ३ महिना | गाउँपालिका, प्राविधिक शाखा |
| २. | समुदाय/संस्थागत क्षमतावृद्धि | - विपद् तालिम<br>- फस्टएड तालिम<br>- विद्यालयमा विपद् क्लव स्थापना<br>- अभ्यास<br>- आपतकालीन भण्डारण | समुदायलाई विपद् सामना गर्न सक्षम बनाउने | निरन्तर | गाउँपालिका, विद्यालय, रेडक्रस, सुरक्षा निकाय |
| ३. | पूर्वचेतावनी विकास | -बाढी/बादल/पहिरो सूचना प्रणाली<br>- सूचना सङ्कलन र प्रसारण मेकानिज्म<br>- जोखिम क्षेत्रका घरमा चेतावनी बोर्ड | समयमै सूचना दिई जनजीवन सुरक्षित राख्ने | ३ देखि ६ महिना | गाउँपालिका, स्थानीय समूह |
| ४. | संरचनागत कार्यहरू | -नदी तटबन्ध/स्पर निर्माण<br>- नाला/ड्रेनेज सुधार<br>- पहिरो रोकथाम (बायोइन्जिनियरिङ)<br>- जोखिमयुक्त घरधनीलाई स्थानान्तरण | प्रत्यक्ष जोखिम कम गर्ने भौतिक व्यवस्थापन | १ देखि ३ बर्ष | गाउँपालिका, डिभिजन इन्जिनियरिङ् कार्यालय, ठेकेदार |
| ५. | गैर-संरचनागत कार्यहरू | -भवन संहिता कार्यान्वयन<br>- सार्वजनिक स्थानमा चेतना-बोर्ड<br>- स्थानीय विपद् व्यवस्थापन योजना अद्यावधिक<br>- सञ्चारमार्फत | दीर्घकालीन सुरक्षा प्रणाली विकास | निरन्तर | गाउँपालिका, स्वास्थ्य शाखा, सञ्चार माध्यम |


| क्र.सं. | कार्य क्षेत्र | मुख्य कार्यक्रमहरू | लक्ष्य/उद्देश्य | समयावधि | जिम्मेवारी संस्था |
|---|---|---|---|---|---|
| | | जनचेतना | | | |
| ६. | प्रतिक्रिया तथा उद्धार | - द्रुत उद्धार टोली गठन<br>- उद्धार सामग्री व्यवस्थापन<br>- एम्बुलेन्स/फायर-फाइटिङ् समन्वय<br>- आपतकालीन सञ्चार सेट | विपद् हुँदा छिटो उद्धार र राहत | निरन्तर | गाउँपालिका, सुरक्षा निकाय, रेडक्रस |
| ७. | राहत तथा पुनर्स्थापना | - क्षति-नोक्सानी मूल्याङ्कन<br>- अस्थायी आवास निर्माण<br>- मनोसामाजिक परामर्श<br>- कृषि/व्यवसाय पुनर्जीवन | प्रभावित समुदायलाई दिगो पुनर्स्थापना | ६ महिना-३ वर्ष | गाउँपालिका, सामाजिक संघसंस्था |
| ८. | अनुगमन, मूल्याङ्कन र अद्यावधिक | - त्रैमासिक अनुगमन<br>- वार्षिक समीक्षा<br>- योजना अद्यावधिक<br>- सरोकारवालाको प्रतिक्रिया | योजना प्रभावकारी कार्यान्वयन | निरन्तर | गाउँपालिका समिति |

# परिच्छेद ६ विपद् जोखिम नक्साङ्कन सम्बन्धी नक्साहरू

## नक्सा नं.१ रोहिणी गाउँपालिका नेपालको भौगोलिक नक्सा




## नक्सा नं. २ प्रशासनिक नक्सा




Boundary Source: Department of Survey.


## नक्सा नं. ३ भू-उपयोग नक्सा




रोहिणी गाउँपालिकाको भू-उपयोग नक्सा विपद् जोखिम नक्साङ्कनको आधारभूत उपकरण हो । यस नक्साले कृषि क्षेत्र, आवासीय बस्ती, वन क्षेत्र, नदी-खोला, सडक, सार्वजनिक पूर्वाधार तथा खुला क्षेत्रहरूको स्थानगत विवरण प्रस्तुत गर्दछ । भू-उपयोगको यथार्थ पहिचानले कुन क्षेत्र बाढी, पहिरो, कटान, आगलागी वा भूकम्पीय जोखिममा बढी छ भन्ने कुरा स्पष्ट देखाउँछ । विशेषगरी नदी किनारका खेतीयोग्य जमिन र बस्तीहरू बाढी तथा कटानको उच्च जोखिममा देखिन्छन्

विपद् जोखिम नक्साङ्कनमा भू-उपयोग नक्सालाई ढलान, भू-संरचना, जलप्रवाह, वर्षा ढाँचा र बस्ती घनत्वसँग संयोजन गरेर विश्लेषण गरिएको हुन्छ । यस प्रक्रियाबाट सुरक्षित आवास विकास गर्न उपयुक्त क्षेत्र, जोखिम न्यूनीकरण आवश्यक पर्ने संवेदनशील क्षेत्र तथा आपतकालीन खुला स्थानहरू पहिचान गर्न सहयोग मिल्छ । रोहिणी गाउँपालिकामा यस प्रकारको भू-उपयोग आधारित विपद् जोखिम नक्साङ्कनले दीर्घकालीन भौतिक योजना, सुरक्षित बसोबास प्रवर्द्धन, पूर्वतयारी योजना र विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउने महत्त्वपूर्ण भूमिका हुनेछ ।

## नक्सा ४  वडा विभाजन नक्सा





© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,

रोहिणी गाउँपालिकाको वडा विभाजन नक्सा विपद् जोखिम नक्साङ्कन एक महत्त्वपूर्ण आधार हो । यस नक्साले गाउँपालिकालाई विभिन्न वडामा विभाजन गरी प्रत्येक वडाको भौगोलिक सीमा, बस्तीको अवस्था, जनघनत्व, सडक सञ्जाल, नदी-खोला तथा सार्वजनिक पूर्वाधारहरूको स्पष्ट पहिचान गर्दछ । वडा अनुसार जोखिमको अवस्था विश्लेषण गर्दा कुन वडा बाढी, पहिरो, आगलागी वा भूकम्पको जोखिममा बढी छ भन्ने कुरा सजिलै बुझ्न सकिन्छ, जसले स्थानीय तहलाई लक्षित योजना बनाउन सहयोग पुऱ्याउँछ ।


विपद् जोखिम नक्साङ्कनमा वडा विभाजन नक्सालाई भू-उपयोग, ढलान, भू-संरचना, जलप्रवाह र ऐतिहासिक विपद् तथ्याङ्कसँग संयोजन गरी विश्लेषण गरिएको छ । यसबाट प्रत्येक वडामा रहेका उच्च, मध्यम र न्यून जोखिम क्षेत्रहरूको वर्गीकरण गर्न सकिन्छ । रोहिणी गाउँपालिकामा वडा विभाजन नक्सामा आधारित विपद् जोखिम नक्साङ्कनले वडा स्तरमै पूर्वतयारी, जोखिम न्यूनीकरण योजना, आपतकालीन उद्धार मार्ग, सुरक्षित खुला स्थान र स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउने आधार प्रदान गर्दछ ।

# नक्सा ५ उचाँइ नक्सा




© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,

## नक्सा ६ औद्योगिक क्षेत्र नक्सा




© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,

# नक्सा ७ भिरालोपन नक्सा




## नक्सा नं. ८ अन्तराष्ट्रिय सीमा नक्सा





Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,


## नक्सा नं.९ भौर्गभिक नक्सा



# नक्सा नं. १० भूकम्पीय नक्सा




# नक्सा नं.११ प्रमुख सेवाकेन्द्र नक्सा





© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025.

# नक्सा नं. १२ विद्यालय वितरण नक्सा




## नक्सा नं. १३ प्रशासनिक केन्द्र नक्सा





© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,

# नक्सा नं. १४ स्वास्थ्य सेवाकेन्द्र नक्सा





© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,

# नक्सा नं. १५ धार्मिक तथा साँस्कृतिक स्थानको नक्सा




© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,


## नक्सा नं. १६ बहु जोखिम नक्सा




रोहिणी गाउँपालिकाको बहु जोखिम नक्सा विपद् जोखिम नक्सांकनको एक अत्यन्त महत्वपूर्ण उपकरण हो । यस नक्साले गाउँपालिकामा सम्भावित बाढी, पहिरो, भू-क्षय, आगलागी, भूकम्प, सडक दुर्घटना जस्ता विभिन्न विपद्हरूलाई एउटै नक्सामा समेटी जोखिमको समग्र अवस्था देखाउँछ। विभिन्न प्रकारका जोखिमहरू एक-आपसमा दोहोरिएका छन् भन्ने कुरा बहु जोखिम नक्साबाट स्पष्ट हुन्छ, जसले उच्च जोखिमयुक्त क्षेत्रको पहिचान गर्न सहज बनाउँछ ।

बहु जोखिम नक्सांकनका क्रममा भू-उपयोग नक्सा, वडा विभाजन नक्सा, ढलान, भू-संरचना, जलप्रवाह, बस्ती घनत्व, पूर्वाधार वितरण तथा विगतका विपद् घटनाका तथ्यांकलाई GIS प्रविधिमार्फत एकीकृत रूपमा विश्लेषण गरिन्छ । यस विश्लेषणबाट रोहिणी गाउँपालिकामा उच्च, मध्यम र न्यून बहु जोखिम क्षेत्रहरू निर्धारण गर्न सकिन्छ । यस्तो बहु जोखिम नक्सामा आधारित विपद् जोखिम नक्सांकनले दीर्घकालीन विकास योजना, जोखिम न्यूनीकरण, पूर्वतयारी, आपतकालीन प्रतिकार्य र स्रोत परिचालनलाई वैज्ञानिक तथा प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।


## नक्सा नं. १७ बाढी र डुवान जोखिम नक्सा




रोहिणी गाउँपालिकामा बाढी र डुबान जोखिम नक्सा विपद् जोखिम नक्सांकनको अत्यन्त महत्त्वपूर्ण आधार हो । यस नक्साले नदी-खोला, खोल्सा, बगर क्षेत्र, तल्लो भू-भाग तथा वर्षायाममा पानी जम्ने सम्भावित स्थानहरू पहिचान गरी बाढी र डुबानको जोखिम देखाउँछ । विशेषगरी नदी किनारका बस्ती, कृषि भूमि, सडक तथा सार्वजनिक पूर्वाधारहरू बाढी र डुबानको उच्च जोखिममा रहेका देखिन्छन्, जसले जनधनको क्षतिको सम्भावना बढाउँछ ।

बाढी र डुबान जोखिम नक्सांकनमा जलप्रवाह प्रणाली, नदीको बहाव क्षमता, भू-उचाई, ढलान, वर्षा ढाँचा, जलनिकास अवस्था तथा विगतका बाढी घटनाका तथ्यांकलाई GIS प्रविधिमार्फत विश्लेषण गरिन्छ । यस विश्लेषणबाट रोहिणी गाउँपालिकामा उच्च, मध्यम र न्यून बाढी तथा डुबान जोखिम क्षेत्रहरूको वर्गीकरण गर्न सकिन्छ । यसरी तयार गरिएको बाढी र डुबान जोखिम नक्सामा आधारित विपद् जोखिम नक्सांकनले सुरक्षित बस्ती विकास, पूर्वतयारी योजना, समयमै चेतावनी प्रणाली, आपतकालीन उद्धार मार्ग तथा जोखिम न्यूनीकरणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

## नक्सा  नं. १८ सडक दूर्घटना जोखिम नक्सा





© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,

रोहिणी गाउँपालिकामा सडक दुर्घटना मानवीय तथा भौतिक जोखिमका रूपमा देखिएको छ । गाउँपालिकाभित्रका मुख्य सडकहरूसँगै छिमेकी स्थानीय तहलाई जोड्ने आन्तरिक मार्गहरूको दुरावस्था, वर्षायाममा सडक सतह बिग्रनु, मोड तथा चोकहरूमा उचित संकेतको अभाव, मोटरसाइकल र ट्र्याक्टरको बढी प्रयोग, तथा तीव्र गतिमा सवारी चलाउने प्रवृत्तिले दुर्घटना जोखिमलाई अझ बढाएको छ । विद्यालय क्षेत्र, बजार क्षेत्रमा भीडभाड हुने स्थान वरिपरि सुरक्षित सडक संरचना नहुँदा पैदलयात्री विशेष प्रभावित हुने गरेका छन् । सडक नाली व्यवस्थापन कमजोर हुँदा अत्यधिक पानीले सडक चिप्लो बन्ने, दृश्यता न्यून हुने, रातिको समयमा पर्याप्त बत्ती नभएकाले दुर्घटनाको संभावना उल्लेख्य रूपमा बढेको छ ।

यी जोखिमलाई कम गर्न रोहिणी गाउँपालिकाले पूर्वतयारी, रोकथाम र व्यवस्थापन केन्द्रित कार्ययोजना अपनाउन आवश्यक छ । खतरायुक्त मोड र दुर्घटना बढी हुने स्थानहरू (ब्ल्याक स्पट) पहिचान गरी चेतावनी बोर्ड, स्पीड ब्रेकर र सडक प्रकाशको व्यवस्था गर्नु, नियमित ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गर्ने, स्थानीय विद्यालय तथा सामुदायिक समूहमार्फत युवामा सुरक्षित यातायात व्यवहार अभिवृद्धि गर्ने महत्तपूर्ण हुन्छ । सवारी साधनको नियमित मर्मत, लाइसेन्सरहित र उमेरकम चालकको निगरानी, इम्बुलेन्स तथा प्राथमिक उपचार उपलब्धतामा सुधार, र प्रहरी-गाउँपालिका समन्वय मजबुत पार्दा दुर्घटनाको दर मात्र घट्दैन, दुर्घटना भएमा क्षति पनि न्यून गर्न सकिनेछ । यस्तो समग्र दृष्टिकोणले रोहिणी गाउँपालिकामा सडक दुर्घटना सम्बन्धी विपद् जोखिमलाई उल्लेख्य रूपमा कम गर्न मद्दत पुग्छ।

## नक्सा नं. १९ आगलागि जोखिम नक्सा





© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,


रोहिणी गाउँपालिकामा आगलागि एक उच्च आवृत्ति र तीव्र क्षति सम्भावना भएको जोखिमको रूपमा देखिन्छ । यहाँका अधिकांश बस्तीहरू घरहरूको आपसी दूरी न्यून, छानो-भित्तामा ज्वलनशील सामग्री (टिन, काठ, फुस) को प्रयोग, खुला भान्सा, चुल्हो-ग्यास सिलिन्डरको असावधानीपूर्ण प्रयोग, तथा बिजुलीको लाइन-फ्यूज-सर्टसर्किटका कारण आगलागि हुने सम्भावना बढेको छ । गर्मी तथा सुख्खा मौसममा हावा चल्ने हुँदा एक घरबाट सुरु भएको आगो छिमेकी घरहरूमा द्रुत गतिमा फैलिने जोखिम रहन्छ । बजार क्षेत्र, गोदाम, पेट्रोल-डिजेल बिक्री केन्द्र, धान-गोदाम, टोल-बस्तीका सडक संकुचित हुनु र आगो नियन्त्रणका लागि आवश्यक हाइड्रेन्ट वा पानी स्रोत नहुनु जोखिमलाई झनै जटिल बनाउने कारक हुन्।

यी जोखिमलाई कम गर्न रोहिणी गाउँपालिकाले रोकथाम, तत्परता र द्रुत प्रतिक्रिया केन्द्रित रणनीति आवश्यक हुन्छ । प्राथमिक रूपमा प्रत्येक बस्ती, विद्यालय र सार्वजनिक संस्थामा आगलागि जोखिम मूल्याङ्कन गरी संवेदनशील क्षेत्र पहिचान गर्नुपर्छ । सामुदायिक स्तरमा दमकल सेवा पहुँच सुधार, तालिमप्राप्त स्थानीय स्वयंसेवक टोली गठन, प्रत्येक घरधुरीमा बाल्टिन-बालुवा-अग्निनिरोधक उपकरण उपलब्ध गराउने, तथा ग्यास सिलिन्डर, तार-लाइन जाँच र सुरक्षित भान्सा सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन अत्यावश्यक छ । जोखिमयुक्त संरचनामा सुधार, बजार क्षेत्रका गोदामहरूको सुरक्षा मापदण्ड कडाइका साथ लागू, जंगल-घाँसेमैदानमा खुला आगो प्रयोग नियन्त्रण, र प्रतिकूल मौसममा निगरानी बढाए आगलागिबाट हुने जनधनको क्षति उल्लेख्य रूपमा घटाउन सकिन्छ ।

## नक्सा नं. २० गुगल नक्सा




## नक्सा नं. २१ बस्ति वितरण नक्सा




बस्ती वितरण नक्सा अनुसार रोहिणी गाउँपालिकाका बस्तीहरू नदी-खोला किनार, समथर तल्लो भू-भाग, सडक सञ्जाल नजिक तथा केही स्थानमा भिरालो जमिनमा फैलिएका छन् । नदी र खोलाको नजिक रहेका बस्तीहरू बाढी र डुबानको उच्च जोखिममा छन् भने भिरालो तथा कमजोर भू-संरचनायुक्त क्षेत्रमा रहेका बस्तीहरू पहिरो र भू-क्षयको जोखिममा पर्दछन् । घना बस्ती भएका स्थानमा आगलागी, महामारी तथा आपतकालीन पहुँचको समस्या पनि बढी देखिन्छ। बस्ती वितरण नक्सालाई भू-उपयोग, ढलान, जलप्रवाह, सडक पहुँच र पूर्वाधार अवस्थासँग विश्लेषण गर्दा रोहिणी गाउँपालिकामा विपद् जोखिमको स्पष्ट चित्र प्राप्त हुन्छ । यस आधारमा उच्च जोखिमयुक्त बस्तीहरूको पहिचान, सुरक्षित स्थानतर्फ बसाइँसराइको सम्भावना, आपतकालीन खुला स्थानको व्यवस्थापन तथा उद्धार मार्ग निर्धारण गर्न सकिन्छ । बस्ती वितरण नक्सामा आधारित विपद् विश्लेषणले पूर्वतयारी, जोखिम न्यूनीकरण र प्रभावकारी विपद् व्यवस्थापन योजना निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।


## नक्सा नं. २२ कृषि जमिनको वितरण नक्सा





कृषि जमिनको वितरण नक्साले खेतीयोग्य भूमि नदी-खोला किनार, समथर तल्लो भू-भाग तथा केही स्थानमा हल्का ढलान भएका क्षेत्रमा फैलिएको देखाउँछ। यस्तो भौगोलिक अवस्थाका कारण विपद्‌हरूले कृषि क्षेत्रमा प्रत्यक्ष र गम्भीर प्रभाव पार्ने गरेका छन्। विशेषगरी नदी किनार र तल्लो भू-भागमा रहेका खेतीयोग्य जमिनहरू बाढी र डुबानको उच्च जोखिममा पर्दछन्, जसले बाली नष्ट हुने, माटो कटान हुने तथा उत्पादन क्षमतामा गिरावट ल्याउने समस्या सिर्जना गर्छ ।

कृषि जमिन वितरण नक्सालाई ढलान, जलप्रवाह, वर्षा ढाँचा र भू-संरचनासँग विश्लेषण गर्दा पहिरो, भू-क्षय र सुख्खा जोखिम पनि स्पष्ट देखिन्छ। भिरालो क्षेत्रमा रहेको कृषि जमिनमा भारी वर्षाका बेला पहिरो र माटो बग्ने समस्या देखिन्छ भने लामो समयको सुख्खाले सिँचाइ अभावका कारण उत्पादन घटाउँछ। यसरी कृषि जमिनको वितरण नक्सामा आधारित विपद् विश्लेषणले जोखिमयुक्त खेती क्षेत्रको पहिचान, बाली विविधीकरण, सुरक्षित कृषि अभ्यास र दीर्घकालीन कृषि जोखिम न्यूनीकरण योजना बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## नक्सा नं. २३ वन वितरण नक्सा




# नक्सा नं. २४ घरको संरचना नक्सा




© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,

## नक्सा नं. २५ जनघनत्व नक्सा




© Rohini Rural Municipality, Source(s): Department of Survey, Government of Nepal, Field Survey 2025,


## नक्सा नं. २६ खोला र तालतलैया नक्सा




रोहिणी गाउँपालिकामा रहेका खोला, साना नदी तथा ताल-तलैयाहरूले स्थानीय जलस्रोतको महत्त्वपूर्ण भूमिका खेलेका छन् तर यही जलप्रणाली विपद्को प्रमुख कारण पनि बनेको देखिन्छ। वर्षायाममा खोलाहरूमा पानीको बहाव अचानक बढ्दा आसपासका तल्लो भू-भागमा बाढी र डुबानको जोखिम उच्च हुन्छ। विशेषगरी खोला किनारमा रहेका बस्ती, कृषि जमिन र सडक संरचनाहरू कटान, डुबान तथा क्षतिको सम्भावनामा पर्दछन्। कतिपय स्थानमा खोलाको प्राकृतिक धार परिवर्तन हुँदा नयाँ जोखिम क्षेत्रहरू पनि सिर्जना भएका छन्।

त्यसैगरी ताल-तलैयाहरूको आसपास पानी जम्ने प्रवृत्तिका कारण डुबान, मच्छरजन्य रोग तथा सरसफाइसम्बन्धी समस्या देखिने गरेका छन्। अत्यधिक वर्षा हुँदा ताल-तलैयामा पानीको सतह बढेर नजिकका कृषि जमिन र बस्ती प्रभावित हुने अवस्था पनि रहन्छ। यस सन्दर्भमा खोला तथा ताल-तलैयाको वितरण र अवस्थालाई आधार मानेर गरिएको विपद् जोखिम विश्लेषणले उच्च जोखिमयुक्त क्षेत्रको पहिचान, तटबन्धन, जलनिकास सुधार, पूर्वसूचना प्रणाली तथा सुरक्षित बस्ती व्यवस्थापनका योजना बनाउन रोहिणी गाउँपालिकाका लागि अत्यन्त महत्वपूर्ण आधार प्रदान गर्दछ।

## नक्सा नं. २७ सडक संजाल नक्सा



# परिच्छेद ७ निष्कर्ष

रोहिणी गाउँपालिका विपद् जोखिमयुक्त क्षेत्र भएकाले स्थानीय वडा, समुदाय, संघसंस्था तथा निजी क्षेत्रबीच समन्वयमा काम गर्न आवश्यक छ । GIS मा आधारित विपद् जोखिम नक्साङ्कनले भविष्यमा योजना बनाउने, बजेट विनियोजन, पूर्वतयारी तथा राहत-पुनर्स्थापना कार्यलाई अत्यन्तै प्रभावकारी बनाउँनेछ । रोहिणी गाउँपालिका बिभिन्न प्राकृतिक एवम् मानव सिर्जित प्रकोपहरूवाट हरेक बर्ष प्रभाबित हुने गरेको छ । बिशिष्ट भौगोलिक अवस्थितिका कारण गाउँपालिकाको तल्लो भू-भाग बाढी तथा डुवानबाट प्रभावित हुने गरेको छ । बाढीबाट सबैभन्दा बढि प्रभाबित वडाहरू १, २ र ३ लगाएतका छन् । प्रकोप स्तरीकरण तथा प्राथमिकिकरणका हिसावले क्रमशः भुकम्प, बाढी, पहिरो, जङ्गली जनावर आतङ्क, खडेरी, आगलागी, महामारी, सडक दुर्घटना, सर्पदश, चट्याङ् मुख्य रहेका छन । बिपद्का कारण धनजन, भौतीक पूर्वाधार, प्राकृतिक स्रोतसाधन आदिको क्षेती हुने गरेको छ । बिभिन्न वडाहरूको सङ्कटासन्नता र क्षमता बिश्लेषणबाट आएको स्तरिकरणलाई हेर्दा सबै भन्दा क्रमशः बढी सङ्कटासन्न वडाहरू १, २, ३ र ४ रहेको देखिन्छ भने सबै भन्दा कम सङ्कटासन्न वडाहरू ५ र ६ लगाएतका देखिन्छन । यद्यपी सवै वडाहरू कुनै न कुनै रूपले प्रकोपको जोखिममा रहेका वडाहरू पर्दछन् । बिगतका दिनहरूभन्दा अहिले मौसममा भएको परिवर्तनका कारण खेती गर्ने समय, प्रकोप बिपद्मा परिणत हुने समय र यसको स्तरमा समेत परिवर्तन आइरहेको देखिन्छ । अनुमान गर्न नसकिने मौसमका कारण गाउँपालिकामा बिपद्का घटनाहरू बढीरहेका छन । जोखिम न्यूनीकरणको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्था तथा निकायहरू र दक्ष जनशक्ति पर्याप्त मात्रामा नहुनु तथा भएका संस्थाहरूसँग पनि समन्वय र सहकार्य हुन नसक्दा न्यूनीकरणका कार्यहरू प्रभावकारी वन्न सकेका छैनन् । अतः यस स्थानीय विपद् जोखिम व्यवस्थापन योजनामा पहिचान गरिएका सवै प्रकारका स्रोत, साधन, सीप तथा जनशक्ति परिचालन गरी स्थानीय समुदाय, वडा, संघसंस्था तथा सरोकारवाला सवैको सक्रिय सहभागितामा योजनावद्ध तवरले यस विपद् जोखिम नक्साङ्कनको सफल कार्यान्वयन गर्न सकेमा स्थानीय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा टेवा पुग्ने देखिन्छ ।

- पहिचान गरिएका प्रमुख विपद्हरू
- बाढी तथा डुबान : मनसुन समयमा रोहिणी नदी तथा अन्य खोलानालाहरूमा हुने बाढीले गाउँपालिकाका केही बस्तीहरू जोखिममा पर्ने गरेका छन् ।
- चट्याङ् : खुला क्षेत्र तथा खेतबारी नजिक चट्याङको जोखिम बढी देखिन्छ ।
- आगलागी : गर्मी तथा हिउँद दुवै मौसममा सुख्खा अवस्थामा आगलागीका घटना दोहोरिने गरेका छन् ।
- खडेरी : कृषि उत्पादनमा प्रत्यक्ष असर पर्ने गरी खडेरी समस्या बारम्बार देखिन्छ ।
- जोखिम वर्गिकरण : उच्च जोखिम क्षेत्रः नदी किनारा, कमजोर तटबन्ध क्षेत्र, चट्याङ् प्रभावित खुला बस्ती । मध्यम जोखिम क्षेत्रः बजार क्षेत्र, घनाबस्ती, सामुदायिक भवन क्षेत्र । न्यून जोखिम क्षेत्रः स्थिर भू-भाग र पर्याप्त पूर्वाधार भएको क्षेत्र ।

- जोखिम नक्साङ्कन अनुसार दक्षिणपूर्वी भाग बाढी तथा डुबान जोखिममा उच्च देखिन्छ, उत्तर-पश्चिमी क्षेत्रमा आगलागी जोखिम उच्च, मध्य भागमा चट्याङको जोखिम मध्यम रूपमा देखिन्छ ।
- २०७४-२०८१ को डाटाबेस विश्लेषणले रोहिणी गाउँपालिका बाढी/डुबान, आगलागी, चट्याङ् र महामारीको दृष्टिले अत्यन्त संवेदनशील रहेको पुष्टि गर्दछ । दिगो पूर्वाधार, जोखिम न्यूनीकरण योजना, स्थानीय सचेतना तथा डिजिटल डेटा प्रणाली लागू गर्न सकेमा भविष्यमा क्षति घटाउन सकिनेछ ।

# सन्दर्भसूची

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (२०७५), देउखुरी : नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, लुम्बिनी प्रदेश ।

कानून किताव व्यवस्था समिति (२०७२), नेपालको संविधान २०७२, काठमाडौं : नेपाल सरकार कानून, न्याय, सविधानसभा तथा संसदीय मामिला मन्त्रालय ।

कानून किताव व्यवस्था समिति, (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौ : नेपाल सरकार कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय ।

कानून किताव व्यवस्थापन समिति, (२०७९), वन, राष्ट्रिय निकुञ्ज भू-संरक्षण, वातावरण तथा सङ्कटापन्न वन्यजन्तु सम्बन्धी ऐन तथा नियमावलीको सङ्ग्रह, काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०७८), काठमाडौं : राष्ट्रिय जनगणना, काठमाडौं ।

नलगाड हाइड्रोपावर कम्पनी लि. (२०८०), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन, काठमाडौं ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (२०७७) पहिलो शंसोधन (२०७९) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, नेपाल सरकार सिंहदरवार काठमाडौं ।

नेपाली वृहत शब्दकोश दशौं संस्करण (जेष्ठ २०७५), नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाडौं : (२०५०), राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, सङ्ख्या ५, खण्ड ४३, भाग ४, श्री ५ को सरकार काठमाडौं ।

राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति (२०७२), चुरे क्षेत्रमा विकास निर्माणका लागि वातावरणीय संरक्षणका मापदण्डहरू, खुमलटार, ललितपुरः राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७०), वातावरण परीक्षण, स्रोत पुस्तक; सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौ ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७३), जिल्लास्तरबाट नदीजन्य पदार्थ संकलन र उत्खनन् कार्यका लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृति सम्बन्धी मार्गदर्शन, २०७३; सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

सूचना विभाग (२०३१), मेची देखि महाकाली सम्म, भाग २. सूचना बिभाग, श्री ५ को सरकार, काठमाडौ ।

सूचना तथा प्रसारण विभाग (२०८०), नेपाल परिचय (एघारौ संस्करण), नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, काठमाडौं ।

Asthana, D.K. & Asthana M. (2005). Environment : Problems and Solutions. New Delhi .

Ministry of Environment (2010), Climate Change Vulnerability Mapping for Nepal .

Websites :

www.rohinimun.gov.np

www.mofaga.gov.np

www.cbs.gov.np

www.google.com

www.googleearth pro

# अनुसूची

## अनुसूची १ जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति

**(१) जिल्लास्तरमा विपद्** व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति रहनेछ :

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) जिल्ला समन्वय समितिको प्रतिनिधि - सदस्य

(ग) जिल्ला भित्रका स्थानीय तहका अध्यक्ष तथा प्रमुख - सदस्य

(घ) स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित - कार्यालयको प्रमुख सदस्य

(ङ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू - सदस्य

(च) जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू -सदस्य

(छ) राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि - सदस्य

(ज) नेपाल रेडक्रस सोसाइटकिो जिल्लास्थित प्रमुख - सदस्य

(झ) गैरसरकारी महासङघको जिल्लीसथत प्रमुख - सदस्य

(ञ) नेपाल पत्रकार महासङ्घको जिललसिथत प्रमुख - सदस्य

(ट) उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख - सदस्य

(ठ) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत - सदस्य